श्रोतः कान्तिपुर, २०७२/२/१९

# खिम्ती–ढल्केबर प्रसारण लाइन निर्माण रोकियो

- ठेकेदारलाई २ करोड ३० लाख बढी 'डिले कस्ट' भुक्तानी

रणनीतिक महत्त्वको २ सय २० केभी खिम्ती–ढल्केबर प्रसारण लाइन निर्माण सिन्धुली विद्युत् प्राधिकरणले खुर्कोटका एक घरधुरीलाई सिन्धुली जिल्ला प्रशासनले मुआब्जा उपलब्ध गराउन ढिलाइ गर्दा खिम्ती–ढल्केबरको काम वर्षाअघि नै सुरु गर्न कठिनाइ भएको जनाएको छ। 'मुआब्जा लिन बाँकी एक घरधुरीसँग वार्ता गरी कुरा मिलिसकेको छ,' प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने, 'तर जिल्ला प्रशासनले अपेक्षाकृत सहयोग नगर्दा मुआब्जा दिएर काम सुरु गर्न सकिएन।' ऋण लगानीकर्ता विश्व बैंकका कारण करिब २२ महिना काम रोकिएको यो प्रसारण लाइनको मुआब्जा विवाद प्राधिकरणले करिब एक महिनाअघि टुंगाएको थियो। तर मुआब्जा र क्षतिपूर्तिसम्बन्धी सम्बन्धित जिल्ला प्रशासनले निर्णय गर्ने भएकाले मुआब्जा रकममा कुरा मिले पनि पीडितले रकम पाउन सकेका छैनन्। पीडितले मुआब्जा रकम नपाएकाले प्राधिकरणले प्रसारण लाइनको काम सुरु गर्न सकेको छैन।यो प्रसारण लाइन चालू आर्थिक वर्षभित्र निर्माण गरिसक्ने प्राधिकरणको लक्ष्य थियो। तर स्थानीयले उजुरी गरेको भन्दै विश्व बैंकले २०७० असारदेखि उक्त प्रसारण लाइनको काम रोकेको थियो। विश्व बैंकले लामो समय काम रोकेपछि ७५ किलोमिटरमध्ये ३ किलोमिटर खण्डको केही संरचना मात्र बन्न बाँकी उक्त प्रसारण लाइन प्राधिकरणले एकतर्फी रूपमा बनाउन प्रक्रिया सुरु गरेको थियो।तर एक घरधुरीको मुआब्जासम्बन्धी निर्णय हुन नसक्दा यो प्रसारण लाइनको काम अझ सुरु हुन सकेको छैन। विद्युत् प्राधिकरणले गृह मन्त्रालयमार्फत पटकपटक अनुरोध गर्दा पनि सिन्धुली प्रशासनले निर्णय नगरिदिएको जनाएको छ। सिन्धुलीको प्रमुख जिल्ला अधिकारी विष्णु पोखरेलले भने खिम्ती–ढल्केबरको खुर्कोट क्षेत्रमा एक घरधुरीलाई मुआब्जा दिने सम्बन्धमा जानकारी नभएको बताए। 'भूकम्पपछि सीडीओको व्यस्तता कस्तो होला?' उनले उल्टो प्रश्न गर्दै भने, 'यस्तो बेला जिल्ला प्रशासनबाट सहयोग भएन भनेर आरोप लगाउने कुन महानुभाव हुनुहोला? सहयोग नगर्ने भन्ने कुरै हुँदैन।'२०७३ साउनभित्र खिम्ती–ढल्केबर प्रसारण लाइन बन्न नसके ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको बिजुली खेर जान्छ। यो प्रसारण लाइन नबन्दा हाल दैनिक १० मेगावाट विद्युत् चुहावट नियन्त्रण गर्न सकिएको छैन। सन् २००६ मा ठेक्का सम्झौता भएको यो प्रसारण लाइन सन् २००९ मा बनिसक्नुपर्ने थियो। तर मुआब्जा विवादका कारण यो प्रसारण लाइन हालसम्म बन्न नसकेको हो। पछिल्लो २३ महिना काम रोकिँदा ठेकेदारले कामदार र उपकरण निस्क्रिय राख्नुपरेको भन्दै कम्तीमा २ करोड ३० लाख

क्षतिपूर्ति पाउने भएको छ। ‘ठेकेदारलाई कामदार र उपकरण आइडल बसेबापत मासिक १० लाख रुपैयाँभन्दा बढी क्षतिपूर्ति दिनुपर्छ,’ कार्यकारी निर्देशक काफ्लेले भने। यो आयोजनाको काम करिब ६ वर्ष ढिलो भइसकेको छ।त्यस्तै ठेक्का सम्झौताको अवधि पनि असारसम्म मात्र छ। काम बाँकी रहेका ३ किलोमिटर खण्डमा जम्मा ७ वटा पिलर ठड्याउन बाँकी छ।

श्रोतः कान्तिपुर, २०७२/२/१९

# राहुघाटको मुद्दा खारेज ठेक्का सम्झौता खारेज गर्ने बाटो खुल्यो

पाटन पुनरावेदन अदालतले राहुघाट जलविद्युत् आयोजनामा ठेकेदार आईभीआरसीएल लिमिटेडले विद्युत् प्राधिकरणविरुद्ध दायर गरेको रिट खारेज गरेको छ। आईभीआरसीएल सर्वोच्च अदालत नगए यो निर्णयबाट प्राधिकरणलाई ठेक्का सम्झौता खारेज गर्ने बाटो खुलेको छ।

अदालतले आइतबार उक्त रिट खारेज गरेको हो। यससँगै विद्युत् प्राधिकरणलाई 'ठेक्का सम्झौताअनुसार अघि बढ्न' मार्ग प्रशस्त भएको छ। 'प्राधिकरणविरुद्ध ठेकेदारले दायर गरेको रिट सम्मानित अदालतले खारेज गरिदिएको छ,' राहुघाटका आयोजना प्रमुख कुलमान घिसिङले भने।

आर्थिक संकटका कारण सिमेन्ट लगायत निर्माण सामग्री र उपकरणसमेत किन्न नसकेर सम्झौताअनुसार काम गर्न नसकेपछि प्राधिकरणले ठेक्का सम्झौता खारेज गरी नयाँ प्रक्रिया सुरु गर्ने उद्देश्यले गत माघ ८ मा आईभीआरसीएललाई 'नोटिस टु करेक्सन' पठाएको थियो। त्यसमा ३० दिनभित्र राहुघाटको ३ नम्बरको अडिट टनेल ९२ मिटर खनिसक्न भनिएको थियो। तर उक्त काम गर्न नसकेपछि ठेक्का सम्झौता तोडिने आशंकालाई आधार बनाएर आईभीआरसीएल पाटन पुनरावेदन अदालत पुगेको थियो।

सम्झौताअनुसार आईभीआरसीएलले ३ नम्बरको अडिट टनेल ९० दिनभित्र १ सय ४० मिटर खनिसक्नुपर्ने थियो। आईभीआरसीएलले गत वर्ष असोज १० देखि ३ नम्बरको अडिट टनेल खन्न सुरु गरेको थियो। तर त्यसको ९० दिनमा करिब २५ मिटर मात्र टनेल खनेपछि प्राधिकरण नोटिस टु करेक्सनका नाममा चेतावनीपत्र लेख्न बाध्य भएको थियो।

हालसम्म आईभीआरसीएलले झन्डै ६२ मिटर टनेल खनेको छ। आईभीआरसीएलले टनेल खन्न सुरु गरेको करिब २ सय ५० दिन पुगेको छ। यस हिसाबले आईभीआरसीएलले दैनिक करिब २६ सेन्टिमिटर टनेल खनेको देखिन्छ।

आर्थिक संकटका कारण आईभीआरसीएल कर्पोरेट डेब्ट रिस्टक्चरी (सीडीआर) मा गएको कम्पनी हो। आईभीआरसीएलले करिब ६ महिनाअघि प्राधिकरणलाई पत्र लेखी आफ्नो सीडीआरसम्बन्धी आवेदन बैंकबाट स्वीकृत भएको र कम्पनी आर्थिक संकटमा रहेको जनाउँदै सिमेन्टलगायत सामग्री किन्न ९ करोड

२० लाख रुपैयाँ मागेको थियो। सीडीआर कम्पनीलाई आर्थिक रूपमा टाट पल्टिनबाट जोगाउने अन्तिम मध्येको एउटा विकल्प हो।

श्रोतः कान्तिपुर, २०७२/२/२३

# तनहुँ परामर्शदातासँग सम्झौता भएन

लोकमणि राई

चरम विवादका बीच मन्त्रिपरिषद्‌बाट नियुक्त परामर्शदाता ल्येमेयर इन्टरनेसनलसँग सम्झौता हुन नसक्दा तनहुँ जलविद्युत् आयोजनाको काम पछि धकेलिँदै गएको छ ।

मन्त्रिपरिषद्‌ले गत पुस १७ मा ल्येमेयरलाई परामर्शदाताका रूपमा नियुक्त गर्ने निर्णय गरेको थियो । त्यसको ५ महिना बितिसक्दा पनि विभिन्न उल्झनका कारण ल्येमेयर र विद्युत् प्राधिकरणबीच सम्झौता हुन सकेको छैन । सम्झौता नभई ल्येमेयरले काम गर्न सक्दैन । यसअघि पनि परामर्शदाता नियुक्तिसम्बन्धी विवादका कारण तनहुँ जलविद्युत् आयोजना दुई वर्षपछि धकेलिएको थियो । आयकर नतिर्ने जिकिर गर्दै सम्झौता गर्न आनाकानी गरेपछि प्राधिकरणले गत चैत अन्तिम साता ल्येमेयरलाई हटाएर अर्को परामर्शदाता छान्ने चेतावनी दिएको थियो । प्राधिकरणले आय कर तिर्ने सर्तमा १५ दिनभित्र सम्झौता गर्न अल्टिमेटम पनि दिएको थियो । त्यसपछि गत वैशाख पहिलो साता ल्येमेयरले आयकर तिर्ने गरी सम्झौता गर्ने पत्र पठाएको थियो ।

तर, सम्झौतामा भएका प्राविधिक विषयमा कुरा नमिल्दा प्राधिकरण र ल्येमेयरबीच सम्झौता हुन सकेको छैन । प्राविधिक पक्षमा एसियाली विकास बैंक र विद्युत् प्राधिकरणले काम गरिरहेका छन् । ‘एडीबीबाट केही प्राविधिक सुझाव आएका छन्,’ प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने, ‘मूल विषयमा कुरा मिलिसकेकाले ती विषय पनि छिटो सल्टाउन भनिसकेको छु ।’

एसियाली विकास बैंकले पनि विद्युत् प्राधिकरणलाई ‘टेक्निकल स्पेसिफिक्स’ मा केही सल्लाह र प्रतिक्रिया दिएको जनाएको छ । ‘छलफलमा ल्याइएको प्रस्तावको मस्यौदामा भएका टेक्निकल स्पेसिफिक्समा गत साता हामीले केही प्रतिक्रिया र सुझाव दिएका छौं,’ एडीबीका कन्ट्री डाइरेक्टर केनिची योकोयामाले भने, ‘सम्झौतामा छिट्टै हस्ताक्षर हुन्छ भन्नेमा हामी आशावादी छौं ।’ यसअघि गत मंसिर १४ भित्र परामर्शदाता नियुक्त नगरे आयोजना अघि बढाउन नसकिने पत्र ऊर्जा मन्त्रालयमा पठाएको थियो ।

१ सय ४० मेगावाटको तनहुँमा परामर्शदाता नियुक्तिमा चरम चलखेल र विवाद भएको थियो । ऊर्जामन्त्री राधाकुमारी ज्ञवाली जापानको कन्साई नामक कम्पनीलाई परामर्शदाता नियुक्त गर्ने पक्षमा थिइन् भने अर्थमन्त्री रामशरण महत जर्मनीको ल्येमेयरलाई परामर्शदाता नियुक्त गर्ने पक्षमा थिए । दुवै कम्पनीको प्रस्ताव तनहुँमा करिब १५ करोड रुपैयाँ ऋण लगानी गर्ने एडीबीले मूल्यांकन गरेको थियो । एडीबीले

ल्येमेयरलाई परामर्शदाता नियुक्त गर्न सिफारिस गरेपछि जापानको कन्साई अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुगेको थियो ।

श्रोतः राजधानि दैनिक, २०७२/२/२३

# ब्यु“झ“दै जलविद्युत्

भीम गौतम

निर्माणाधीन सबैभन्दा ठूलो ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसीसहित धेरै निर्माणाधीन र १ सय ४४ मेगावाटको कालीगण्डकीलगायतका निर्माण भइसकेका अधिकांश जलविद्युत् आयोजना महाभूकम्पका कारण क्षतिग्रस्त बने। उत्पादनतर्फ मात्र होइन, वितरण र प्रसारण लाइन तर्फका धेरै आयोजनामा पनि क्षति पुग्यो।



नेपाल विद्युत् प्राधिकरणको तथ्यांक हेर्ने हो भने कालीगण्डकी, मध्यमस्र्याङदी, मस्र्याङ्दी, कुलेखानी प्रथम र दोस्रो, त्रिशुली, देवीघाट, गण्डक, देवीघाट, मोदीखोला, सुनकोसी, पनौती, सुन्दरीजल, फर्पिङ, चतरा, निजी क्षेत्रका भोटेकोसी, इन्द्रावती तेस्रो लगायतका अधिकांश निर्माण सम्पन्न आयोजनामा क्षति पुग्यो ।

निर्माणाधीन माथिल्लो तामाकोसी लगायत ६० मेगावाटको माथिल्लो त्रिशुली–३ 'ए', ३७ मेगावाटको त्रिशुली–३ 'बी' लगायतका आयोजनामा पनि क्षति पुगेको छ । प्राधिकरणले भूकम्पका कारणले १० अर्ब बराबरको क्षति भएको जनाएको छ । निजी क्षेत्रद्वारा निर्माणाधीन १४ जलविद्युत् आयोजनामा पनि भूकम्पले क्षति पुर्‍याएको छ । भूकम्पले जलविद्युत् आयोजनाको बाँध, नजिकै क्षेत्रमा पहिरो, भवनहरू क्षति लगायतलाई विश्लेषण गर्दा जलविद्युत्का संरचनाहरू भूकम्पको उच्च जोखिममा देखिएका छन् । अधिकांश जलविद्युत् आयोजनाहरू पहाडी र हिमाली क्षेत्र भएको तथा ती क्षेत्रहरू बढी पहिरोको जोखिमा पर्ने प्राधिकरणका अधिकारीहरूको भनाइ छ । 'भूकम्पका कारणले जलविद्युत्को उत्पादन, वितरण र प्रसारणमा समस्या देखिएको छ,' प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने, 'यसले जलविद्युत् पनि भूकम्पको जोखिममा रहेको देखाउँछ ।'

क्षतिग्रस्त जलविद्युत् आयोजनाहरूको पुनर्निर्माणका लागि ऊर्जा मन्त्रालयले कार्ययोजना बनाइसकेको छ । राष्ट्रिय योजना आयोगले पुनर्निर्माणका लागि कार्ययोजना मागेपछि मन्त्रालयले साढे १० अर्ब बराबरको बजेटसहितको भूकम्प प्रभाव मूल्यांकन तथा पुनर्निर्माण कार्ययोजना २०७२ बनाएको छ । मन्त्रालयका अनुसार प्राधिकरणको वितरण तथा ग्राहक सेवाअन्तर्गतका वितरण प्रणाली पुनर्निर्माण तथा सुदृढीकरण, मिटर जडान, मर्मत तथा सम्भार कार्य, सबस्टेसन उपकरण तथा जडान कार्य, कन्ट्रोल विल्डिङ, कार्यालय भवन, आवास भवन, गार्ड सुरक्षा भवनलगायतका क्षतिग्रस्त भवन पुनर्निर्माण एक वर्ष सिध्याउने लक्ष्य छ ।

एक वर्षभित्रै प्राधिकरणको उत्पादनतर्फको त्रिशुली, देवीघाट, सुनकोसी लगायतका विद्युत् केन्द्रहरूको कन्ट्रोल विल्डिङ, कार्यालय भवन, आवास भवन लगायतको पुनर्निर्माण, मर्मत तथा सुनकोसी र त्रिशुली आयोजनाको नहरमा भएको क्षति दुरुस्त पार्ने, कुलेखानी जलाशयको बाँधमा देखा परेको चिरा टाल्ने, कालीगण्डकी बाँधको बायाँपट्टि पहिरो लगायतका कार्य सक्ने योजना बनाएको छ । निर्माणाधीन त्रिशुली ३ 'ए'को पहुँच मार्ग निर्माण, विद्युत् केन्द्रहरूको सुरक्षात्मक पर्खाल मर्मत पनि एक वर्षभित्र गर्ने योजना ऊर्जा मन्त्रालयको छ । त्यसैगरी, प्रसारण लाइनतर्फ काठमाडौं ग्रिड महाशाखा अन्तर्गतका क्षतिग्रस्त सबस्टेसनहरूको मर्मत तथा बालाजु, पाँचखाल, लैनचौर, टेकु, लामोसाँघु लगायतका सबस्टेसनहरूको मर्मत कार्य, भार प्रेषण केन्द्रको क्षतिग्रस्त सामानहरूको खरिद तथा मर्मत लगायतका कार्य एक वर्षभित्र बनाइसक्ने योजना मन्त्रालयको छ ।

**पूर्वतयारी**

प्राधिकरणले भूकम्पजस्ता प्राकृतिक प्रकोपका कारण विद्युत् सेवा अवरुद्ध हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी पूर्वतयारीस्वरूप मोबाइल सबस्टेसन भ्यान र वैकल्पिक भार प्रेषण केन्द्र स्थापना गर्ने भएको छ । महाभूकम्पपछि रेस्क्यु गर्ने क्रममा आइपरेका समस्यालाई दृिष्टगत गरी भविष्यमा हुने कुनै पनि विपत्तिका बेला विद्युत् सेवा सुरु गर्न सबस्टेसन भ्यान खरिद गर्ने प्रक्रिया अघि बढाएको प्राधिकरणका कार्यकारी निर्देशक काफ्ले बताउँछन् ।

प्राधिकरणको मुटु मानिने भार प्रेÈण केन्द्र (एलडीसी) मा रहेको मुख्य नियन्त्रण गर्ने मोनिटर र मुख्य सर्भर ढलेर काम नलाग्ने भएपछि र एक मात्र जोगिएको विकास सर्भरबाट एक दिनमै विद्युत् सेवा देशका मुख्य ठाउँमा पु¥याएर स्याबासी कमाएको प्राधिकरणले हेटौंडामा वैकल्पिक भार प्रेषण केन्द्र बनाउने भएको छ। भविष्यमा आउने विपत्तिलाई दृष्टिगत गरी वैकल्पिक केन्द्र बनाउन लागेको हो। अन्य विकसित मुलुकहरूमा भूकम्प, बाढीपहिरोजस्ता विपत्ति आएपछि हुन सक्ने प्रणालीको ÔतविÔत अवस्थालाई ध्यानमा राखेर मुख्यमुख्य ठाउ“मा एलडीसी राखिएका हुन्छन् तर नेपालमा एउटाभन्दा नभएकोमा वैकल्पिक बनाउन प्रक्रिया अघि बढाइसकेको प्राधिकरणले जनाएको छ ।

श्रोतः नयाँ पत्रिका, २०७२/२/२३

# गण्डक जलविद्युत् बन्द हुँदा दैनिक ५ लाख घाटा

*कल्पना भट्टराई*

भारतीय पक्षले नहर मर्मतसम्भारको नाममा नहरमा पानी नदिँदा नेपालको गण्डक जलविद्युत् केन्द्रमा ३ महिनादेखि विद्युत् उत्पादन बन्द भएको छ ।

फागुन १८ देखि भारतीय पक्षले गण्डक नहरमा पानी बन्द गरिदिँदा नेपाल गण्डक पावर हाउसमा विद्युत् उत्पादन बन्द भएको गण्डक जलविद्युत् गृहप्रमुख सुरेश राउतले बताए ।

गण्डक सम्झौताअनुसार वर्षमा २ पटक असोज १५ देखि कात्तिक १५ सम्म नहरको अनुमगनका लागि र चैत १५ गतेदेखि वैशाख १५ सम्म नहर मर्मत तथा सरसफाइका लागि बन्द गरिने प्रावधान रहे पनि हरेक वर्ष ४ देखि ६ महिनासम्म गण्डक नहरमा भारतीय पक्षले पानी बन्द गर्दै आएको छ ।

सम्झौतामा उल्लेख भएबाहेकको अन्य समयमा नहरमा पानी बन्द गर्नुपरे नेपाललाई लिखित जानकारी गराएर मात्र बन्द गर्नुपर्ने भए पनि जानकारी नदिइने गरेको प्रमुख राउतले जानकारी दिए ।

उनका अनुसार भारतले १५ दिनभित्र नहरमा पानी छाड्न सक्छ । गण्डक सम्झौताका बुँदामध्ये विद्युत् उत्पादन सम्बद्ध बुँदा अस्पष्ट रहेकाले त्यसलाई 'करेक्सन' गर्ने माग नेपाली पक्षबाट हुँदै आएको छ ।

पावर हाउस नहरमा पानी नभएपछि बन्द हुँदा दैनिक ५ लाख रुपैयाँसम्म राजस्व घाटा लागेको सम्पर्क तथा भूआर्जन कार्यालय गण्डक नगरका भूआर्जन अधिकारी विश्वबन्धु यादवले बताए । नेपालमा गण्डक सम्झौताअनुसार १५ मेगावाट उत्पादन गर्ने गण्डक जलविद्युत् केन्द्र स्थापना गरिएको छ भने भारतले बिहारमा १५ मेगावाटको पूर्वी गण्डक जलविद्युत् केन्द्र र बिहारमै साढे १ मेगावाटको त्रिवेणी जलविद्युत् केन्द्र स्थापना गरेको छ ।

नेपाल–भारत गण्डक सम्झौताअनुसार १५ मेघावाट विद्युत् उत्पादन क्षमता विद्युत् उत्पादन गर्ने नवलपरासीको सुरजपुरामा रहेको गण्डक पावर हाउस भारतीय गण्डक नहरमा पानी बन्द गरिदिँदा नेपाल गण्डक पावर हाउस पूरै सञ्चालनमा आए पनि बढीमा १० मेगावाट मात्र विद्युत् उत्पादन हुने गर्छ ।

**ट्रान्सफर्मर मर्मत नहुँदा अन्धकार**

**कपिलवस्तु**/ कपिलवस्तुको बलरमवापुर गाविसस्थित प्रभातनगर र विजयनगरका स्थानीय डेढ महिनादेखि अन्धकारमा बस्न बाध्य छन् । विद्युत् प्राधिकरणले बिग्रिएको ट्रान्सफर्मर बनाउन चासो नदिँदा दुई गाउँका स्थानीय अन्धकारमा बस्न बाध्य भएका हुन् ।

विद्युत् प्राधिकरण कृष्णनगर वितरण केन्द्रले निर्माणमा चासो नदेखाएकाले गर्मीको समयमा विद्युत्विनै बस्नुपरेको पूर्ववडाअध्यक्ष जित इभरले बताए । ४ फेसमध्ये २ फेसमा मात्र बत्ती बलेकाले दुई गाउँमा विद्युत् समस्या देखिएको उनको भनाइ छ । बिग्रिएको ट्रान्सफर्मर बनाउन पटक–पटक ध्यानाकर्षण गराउँदासमेत कुनै पक्षले सुनुवाइ नगरेको स्थानीयको गुनासो छ ।

श्रोतः गोरखापत्र, २०७२/२/२३

**प्यूठानका ११ वटा लघुजलविद्युत् आयोजनामध्ये नौ वटा बन्द**

प्यूठान, जेठ २३ गते । दुर्गम भेगका अध्यारा बस्तीमा उज्यालो पु¥याउने भन्दै लाखौँ रकम लगानी भएका यहाँका अधिकांश लघुजलविद्युत् आयोजना बन्द भएका छन् । स्थानीय तथा विभिन्न निकायको लगानीमा निर्माण भएका जिल्लाका ११ वटा आयोजनामध्ये नौवटा आयोजना पूर्णरुपले बन्द भएका छन् । त्यस्तै प्राविधिक समस्याबीच सञ्चालनमा रहेको दुईवटा आयोजना आधा बन्द र आधा सञ्चालन हुने गरेको छ ।

“विद्युत्ीकरण नभएका र दुर्गमबस्तीका अध्यारा बस्तीमा लघुजलविद्युत् आयोजनाले धेरै सहयोग गरेका छन्” स्थानीय विकास अधिकारी शिवप्रसाद रेग्मीले भन्नुभयो, “अध्यारो बस्तीमा उज्यालो अभियानले दुर्गममा ठूलो सहयोग भएपनि अहिले अधिकांश प्राविधिक समस्याका कारण बन्द भएका छन् ।”

लघुजलविद्युत् प्राविधिक र स्थानीयको बेवास्थाका कारण बन्द भएको वातावरण ऊर्जा तथा जलवायु परिवर्तन शाखा प्यूठानले जनाएको छ । त्यस्तै केही आयोजना सामान्य मर्मतपछि सञ्चालन गर्न सकिने भएपनि मर्मत गर्ने प्राविधिकको अभावले सञ्चालन नभएको शाखा प्रमुख मदन गोराथोकीले बताउनुभयो ।

जिल्लामा निर्माण भएका लघुजलविद्युत्मा अहिलेसम्म रु एक करोड ८६ लाख ७६ हजार ७५० लगानी भएको वातावरण ऊर्जा तथा जलवायु परिवर्तन शाखाले जनाएको छ ।

जिल्लामा अहिले पूजा गाविसका खानिखोला लघुजलविद्युत् आयोजना र ध्वाँटेखोला लघुजलविद्युत् आयोजना पूर्णरुपले बन्द छ । त्यस्तै आयोजना निर्माण भएपछि नियमित प्राविधिक मर्मत गर्नुपर्ने भएपनि नगर्दा अहिले अर्खा गाविसका घट्टेखोला पहिलो तथा दोस्रो जलविद्युत् आयोजना, स्याउलिवाङ गाविसको पधेरीखोला जलविद्युत् आयोजना, सुसाउने खोला जलविद्युत आयोजना अर्खा–१ बन्द भएका छन् ।

सामान्य प्राविधिक मर्मत भए सञ्चालन गर्नसकिने ती आयोजना प्राविधिकका अभाव, निर्माण कम्पनी तथा स्थानीयको बेवास्थाका कारण सञ्चालनमा आउन नसकेको शाखा प्रमुख गोराथोकीको भनाइ छ ।

जिल्लामा सिरिङखोला जलविद्युत आयोजना रजवारा–३ खराखोला जलविद्युत आयोजना स्याउलिवाङ–७ र सरिमाखोला लघुजलविद्युत् आयोजना स्याउलिवाङ–१ अहिले संरक्षण हुन नसक्दा आंशिक बन्द भएको छ । ती आयोजनामा रु २० लाखदेखि रु ६० लाखसम्म लगानी भएका छन् ।

लघुजलविद्युत् आयोजनाबाट ११४ किलोवाट विद्युत् उत्पादन भएको छ । आयोजनाबाट दुर्गमका एक हजार २९९ घरधुरी लाभान्वित भएकोमा अहिले पुनः पुरानै अवस्थामा पुगेको छ । आयोजना बन्द हुँदा अध्यारा बस्तीहरु पुरानै अवस्था आएको भन्दै जिल्लास्तरबाट आयोजनाको पुनःमर्मतकार्यको पहल भएको जिविसले जनाएको छ ।

"बन्द भएका तथा प्राविधिक समस्या देखिएका लघुजलविद्युत् आयोजनाहरुको विस्तृत अध्ययन गरी पुनःनिर्माण गर्न वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रमा सिफारिस पठाएका छौँ ।" स्थानीय विकास अधिकारी रेग्मीले भन्नुभयो, "लघुजलविद्युत् आयोजनामा देखिएका समस्या समाधान गरी सुरु गर्न जिल्लाबाट केन्द्रमा सिफारिससहित स्थलगत अवलोकलनका लागि आग्रह गरेका छौँ ।" रासस

श्रोतः कान्तिपुर, २०७२/२/२४

# राहुघाट ठेक्का सम्झौता खारेज हुने निश्चित

विद्युत् प्राधिकरणले राहुघाट जलविद्युत् आयोजनाको सिभिल ठेकेदार आईभीआरसीएल लिमिटेडसँग ठेक्का सम्झौता खारेज गर्ने भएको छ । त्यसका लागि सञ्चालक समितिको अर्को बैठकमा प्रस्ताव लाने तयारी भइरहेको छ ।

'आईभीआरसीएलसँग ठेक्का सम्झौता खारेज हुन्छ,' प्राधिकरणका एक उच्च अधिकारीले भने, 'त्यससम्बन्धी प्रस्तावलगत्तै बस्ने सञ्चालक समितिको बैठकमा लान्छौं ।' आर्थिक संकटका कारण भारतीय ठेकेदार आईभीआरसीएलले सम्झौताअनुसार काम गर्न सकेको थिएन । त्यसपछि प्राधिकरण ठेक्का सम्झौता खारेज गर्ने निष्कर्षमा पुगेको थियो ।

प्राधिकरणले ठेक्का सम्झौता खारेज गर्न गत माघ ८ मा ३० दिने म्याद तोकी 'नोटिस टु करेक्सन' पठाएर प्रक्रिया सुरु गरेको थियो । म्याद सकिएको भोलिपल्ट राहुघाट प्राधिकरणविरुद्ध पाटन पुनरावेदन अदालत पुगेको थियो । अदालतले तत्कालका लागि यथास्थितिमा काम गर्न दिन भन्दै अन्तरिम आदेश जारी गरेपछि ठेक्का सम्झौता खारेज गर्ने प्रक्रिया रोकिएको थियो ।

तर, राहुघाटका ठेकेदार आईभीआरसीएलले अन्तरिम आदेश आएको करिब साढे ३ महिनासम्म कार्य प्रगति गर्न सकेन । त्यही बेला अदालतले गत आइतबार आईभीआरसीएलको मुद्दा खारेज गरिदियो । त्यसपछि प्राधिकरणलाई ठेक्का सम्झौता तोड्ने बाटो खुलेको हो ।

तर, प्राधिकरणले राहुघाटको ठेक्का सम्झौता खारेज गर्ने सम्बन्धमा औपचारिक रूपमा बताउन अस्वीकार गरेको छ । 'राहुघाटको विषयमा के गर्ने भन्ने अहिले छलफलमै छ,' प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने, 'हामी निष्कर्षमा पुगिसकेका छैनौं ।'

करिब १७ वर्षअघि सम्भाव्यता अध्ययन भएको ३२ मेगावाटको राहुघाटका सिभिल ठेकेदार आईभीआरसीएलसँग २०६७ कात्तिक १८ मा ठेक्का सम्झौता भएको थियो । त्यसको ४२ महिनाभित्र राहुघाट निर्माण भई सञ्चालनमा आइसक्नुपर्ने थियो ।

तर, परामर्शदाता वाप्कोस लिमिटेड २०६८ फागुन ४ मा नियुक्त गरियो । वाप्कोसको नियुक्तिमा १६ महिना भएकाले ढिलाइले निर्माणस्थलमा परिचालित ठेकेदारले काम गर्न पाएन । नियुक्तिको झन्डै ८ महिनापछि वाप्कोसले ठेकेदार आईभीआरसीएल लिमिटेडलाई काम सुरु गर्न 'नोटिस टु प्रोसिड' जारी

गर्‍यो । त्यस बेलासम्म ठेकेदार निर्माणस्थल परिचालन भएको करिब २ वर्ष पुगिसकेको थियो । ठेकेदारले उल्टो २ वर्ष ‘आइडल’ बस्नुपरेको तथा निर्माण सामग्रीको मूल्य बढेको भन्दै ३३ करोड रुपैयाँ क्षतिपूर्ति माग्यो ।

प्राधिकरणले आईभीआरसीएललाई ३ करोड ९३ लाख रुपैयाँ क्षतिपूर्ति दिएको छ । तर १४ करोड रुपैयाँ क्षतिपूर्ति पाउनुपर्ने दाबी गर्दै आईभीआरसीएलले बाँकी क्षतिपूर्ति रकमका लागि ताकेता गरिरहेको छ ।

ठेक्का सम्झौता खारेज भएपछि नयाँ प्रक्रिया सुरु गरेर यो आयोजना निर्माण गर्न करिब ५ वर्ष लाग्छ । ‘३२ मेगावाटको एउटा आयोजना बन्न २२ वर्ष लाग्ने अवस्थाले देशको विकासको अवस्था प्रतिविम्बित गर्छ,’ प्राधिकरणका एक अधिकारीले भने ।

प्राधिकरण स्रोतका अनुसार आईभीआरसीएलले एड्भान्सबापत कम्तीमा ५० करोड रुपैयाँ लगिसकेको छ । पर्फमेन्स बन्ड र एड्भान्स ग्यारेन्टीबापत आईभीआरसीएलले करिब ६० करोड रुपैयाँ जमानत राखेको छ । ठेक्का सम्झौता खारेज भए त्यो रकम प्राधिकरणले जफत गर्छ ।

श्रोतः नागरिक, २०७२/२/२४

# तामाकोसीको सेयर बाँडफाँटमा समस्या

विष्णु बेल्वासे

माथिल्लो तामाकोसी आयोजनाको सेयर बाँडफाँटमा समस्या देखिएको छ। कानुनी रुपमा ६० दिनभित्र सेयर बाँडफाँट गरिसक्नुपर्नेमा नेपाल धितोपत्र बोर्डले अनुमति नदिँदा ढिलो भएको बिक्री प्रबन्धक नागरिक लगानी कोषले बताएको छ।

उक्त सेयर बाँडफाँट जेठ १४ गतेभित्र गरिसक्नु पथ्यर्ो। तोकिएको समय सकिएको १० दिनभन्दा बढी भइसके पनि लगानी कोष कुनै निर्णयमा पुग्न सकेको छैन।

कोषले बाँडफाँट गर्न आश्वासन दिएको समय जेठ १४ गते सकिए हो। सेयर बाँडफाँट नहुँदा लगानीकर्ताले कहिले पैसा फिर्ता पाउने भन्ने अन्योल छ। धितोपत्र बोर्डको बैठक यसै साता बसेर सेयर बाँडफाँटबारे निर्णय गर्ने भनिएको छ।

धितोपत्र बोर्ड भने कानुनी समस्या देखिएकोले बोर्ड बैठकले निर्णय गरेरमात्र बाँडफाँट अनुमति दिने बताउँछ। बोर्डका निर्देशक निरज गिरी भन्छन्, ‘बोर्डले कानुनी पक्षको अध्ययन गरिरहेको छ। बोर्डले निर्णय गरेपछि बाँडफाँट अनुमति दिइनेछ।'

आयोजनाले स्थानीयबासी र ऋण दिने संस्थाका कर्मचारी, कर्मचारी सञ्चय कोषका बचतकर्ता र नेपाल विद्युत प्राधिकरण तथा आयोजनाका कर्मचारीलाई एकैपटक सेयर निष्कासनका लागि अनुमति दिएको थियो। ऋण दिने संस्थालाई सेयर वितरण गरे पनि स्थानीयलाई वितरण नगरेकाले कानुनी समस्या आएको गिरीले जानकारी दिए। ‘कानुनी रुपमा एकैपटक विवरणपत्र निकालेपछि स्थानीयलाई पनि सेयर वितरण गर्नुपर्ने थियो,' गिरीले भने, ‘तर, एकैपटक सेयर निष्कासन नभएकाले कानुनी समस्या आएको हो।' विशेष परिस्थितिमा समस्या समाधान गर्ने बाटो खोज्न बोर्ड बैठकमा एजेन्डा लाने निर्णय भएको उनले बताए। ‘सम्भवतः यसै हप्ता बोर्ड बैठक बसेर समस्या समाधान गर्ने पक्षमा छौ,' गिरीले भने। नजीरका रुपमा बस्ने भएकाले सावधानी अपनाउनु परेको बोर्डले बताएको छ।

बोर्डले स्पष्ट निर्देशन दिन नसकेकाले सेयर बाँडफाँट हुन नसकेको कोषले बताएको छ। ‘बोर्डले निर्देशन दिनासाथ हामी बाँडफाँट गर्नेछौं,' कोषका मुख्य व्यवस्थापक तथा प्रवक्ता सुशीलकुमार अर्यालले भने, ‘हामी तयारी अवस्थामा छौं।' बैठक बसेर निर्णय लिनेबारे बोर्डले कोषलाई जानकारी गराएको छ।

ऋण दिने संस्थाका कर्मचारी, कर्मचारी सञ्चय कोषका बचतकर्ता र नेपाल विद्युत प्राधिकरण तथा आयोजनाका कर्मचारीलाई सेयर निष्कासन गरिएको हो। आयोजना प्रभावित स्थानीयलाई गरिएको निष्कासन भने स्थगित गरिएको थियो। एउटै आह्वान पत्रमार्फत सेयर दिन खोजिएको तर स्थानीयका लागि भने स्थगित भएकोले यसमा थप कानुनी जटिलता आउन नदिन कानुनी राय लिएको गिरीले बताए।

तामाकोसीको सेयरका लागि ऋण लगानीकर्ता संस्था र प्राधिकरणका कर्मचारी र सञ्चय कोषका

बचतकर्ताले १८ अर्ब ३० करोड ९७ लाख रुपैयाँबराबरको आवेदन दिएका छन्। यो आयोजनाको दुई अर्ब ५५ करोड रुपैयाँको दुई करोड ५५ लाख कित्ता सेयर निष्कासन गरिएको हो। दुई लाख १० हजार लगानीकर्ताले आवेदन दिएका छन्। चैत १५ गते आवेदन लिने काम बन्द गरिएको थियो।
आयोजनाले दोलखालीका लागि १ करोड ५ लाख रुपैयाँको सेयर छुट्ट्याएको छ। एउटै विवरण पत्र प्रकाशित गरे पनि आयोजना प्रभावित स्थानीयका लागि सेयर जारी गरिएको छैन। विवाद आएपछि स्थानीयबासीका लागि सेयर निष्कासन स्थगित गरिएको थियो। स्थानीयबासीलाई सेयर वितरण गरिसकेपछि सर्वसाधारणका लागि १ अर्ब ५८ करोड रुपैयाँको सेयर निष्कासन हुनेछ।

श्रोतः नागरिक, २०७२/२/२४

# पुनर्बासमा बूढीगण्डकी प्रभावितको दबाब

लक्ष्मण वियोगी

बूढीगण्डकी जलाशय जलविद्‌युत आयोजना प्रभावित धादिङ र गोरखाबासीले पुनस्र्थापना र पुनर्बासको योजना तत्काल ल्याउन सरकारलाई दबाब दिएका छन्।

भुइँचालोका कारण प्रभावित क्षेत्रका अधिकांश घर भत्केकाले यही बेलामा उनीहरुको उचित ठाउँमा पुनर्बास गराए पछि समस्या नदोहोरिने हुँदा यसका लागि स्थानीय नै एकजुट भएका हुन्।

आयोजना प्रभावित गोरखाका १४ र धादिङका १३ गाविसमा निर्मित ९० प्रतिशत घर भत्केका छन्। छिटो त्यस क्षेत्रका बासिन्दाको पुनर्बासको उचित व्यवस्थापन गर्न स्थानीयबासी तथा सरोकार समितिले ऊर्जामन्त्री राधा ज्ञवालीलाई समेत भेटेर आग्रह गरेका छन्।

विपदको बेला उचित ठाउँ खोजेर प्रभावितको घरबासको व्यवस्था गर्न सके राहत, पुनर्निर्माण र पुनर्बास एकसाथ हुने ‘बूढीगण्डकी जलविद्‌युत आयोजना विकास समिति' का अध्यक्ष लक्ष्मीप्रसाद देवकोटाले बताए।

‘भुइँचालोले आयोजना अहिले ओझेलमा परेजस्तो भएको छ, पुनर्बासको क्षेत्र किटान गरेर कार्यान्वयन गर्ने यो उचित समय हो,' उनले शनिबार नागरिकसँग भने, ‘चार/पाँच महिनाभित्र पुनस्र्थापना र पुनर्बासको ठाउँ खोज्न सकिएन भने पछि यो समस्या समाधान गर्न सकिँदैन।'

पुरानो घर भुइँचालोले ध्वस्त पारेको र नयाँ बनाउँदा पनि आयोजनाले उठाउन सक्ने हुँदा यही बेला आयोजनाले तोकेको ठाउँमा पुनर्बास गराइदिन त्यहाँका बासिन्दाले आग्रह गरेका छन्। सरकारले आयोजना कार्यान्वयनको निर्णय लिई पुनस्र्थापना तथा पुनर्बासको प्रक्रिया अगाडि बढाउनुपर्ने ‘बूढीगण्डकी जलाशययुक्त जलविद्‌युत आयोजना सरोकार समिति' का अध्यक्ष बलराम त्रिपाठीले बताए। ‘विपदको समयमा सरकारले गर्ने सानो निर्णय र जनतालाई दिइने राहतले आयोजना बनाउन ठूलो समर्थन जुट्न सक्छ,' उनले भने, ‘हामीले शुक्रबार मन्त्रीलाई भेटेर पनि आग्रह गरेका छौं।' प्रभावित क्षेत्रमा भुइँचालोले भत्काएका घर–टहरा पुनर्निर्माण गर्नुपर्ने हुँदा सरकारले यसबारे तत्काल निर्णय लिनुपर्नेमा प्रभावित बासिन्दाको जोड छ।

फ्रान्सको ट्र्याक्टवेल कम्पनीले गरिरहेको आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) अहिले अन्तिम चरणमा छ। डिपिआरको क्रममा हरेक घरजग्गाको विवरण लिसकेको हुँदा सोही विवरणको आधारमा मुआब्जा दिई पुनस्र्थापना गराउन सकिने सराकार समितिको धारणा ाछ।

आयोजना प्रभावित तथा डुबान क्षेत्रमा अहिले भू–माफियाको चलखेल बढिरहेको छ, यसलाई न्युनिकरण गर्न पनि सरकारले पुनस्र्थापना र पुनर्बासको ‘प्याकेज' तत्काल घोषणा गर्नुपर्ने सरोकार समितिको निचोड छ। स्थानीय तथा सरोकार समितिको भनाइ र आयोजना विकास समितिको उद्‌देश्य एउटै रहेकाले यसलाई सँगै अगाडि लैजाने तयारी भएको अध्यक्ष देवकोटाले बताए।

विकास समितिले स्थानीयको माग समेट्दै आयोजना बहुउपयोगीरुपमा निर्माण गर्न 'बूढीगण्डकी कोरिडोर विकास प्राधिकरण' गठन गर्नुपर्ने अवधारणासमेत तयार पारेको छ। १ हजार २ सय मेगावाटको आयोजना सञ्चालन तथा यो क्षेत्र पर्यटीय केन्द्रकोरुपमा विकास गरी यस वरिपरी आधुनिक बस्ती विकास गर्नसमेत प्राधिकरसण आवश्यक देखिएको उनले तर्क छ।

आयोजनालाई वहुउपयोगी बनाउँदै रोजगारी सिर्जना, बैंकिङ, बन्द व्यापार जस्ता आर्थिक केन्द्रको स्थापना गर्ने योजनाका साथ काम गर्नुपर्ने उनको धारणा छ। 'दीर्घकालीन रुपमा देखिन सक्ने भुइँचालो, बाढी पहिरोजस्ता प्राकृतिक विपत्ति न्युनिकरण तथा व्यवस्थापन गर्न एकिकृत जलाधार विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ,' उनले भने।

२ सय ६३ मिटर अग्लो बाँधको जलाशय नजिक निर्माणको परिकल्पना गरिएको चक्रपथ सडक छुने गरी अधिकांश विस्थापितलाई राख्न सकिने आयोजना विकास समितिको दाबी छ। सरकारले आउँदो ५ वर्ष पुनर्निर्माणमा जोड दिने भएकाले भारतले दिने घोषणा गरेको १ खर्बमध्ये ५० अर्ब रुपैयाँ खर्च गरेर जग्गा अधिग्रहण पुनस्र्थापना र पुनर्बासको काम सक्नुपर्ने देवकोटाको भनाइ छ।

भुइँचालोबाट प्रभावितको पुनर्निर्माणका लागि ३० अर्ब रुपैयाँ अनुमान गरिएकाले उक्त रकमसमेत पुनर्बासमा खर्च गर्न सकिने समितिको योजना छ। निर्माण अवधि ८ वर्ष तोकेर यसको लागत अहिले करिब २ खर्ब ५० अर्ब रुपैयाँ अनुमान गरिएको छ। सरकारले पुनर्बासको काम भुइँचालोको पुनर्निर्माणमै समेटेर लान सके त्योभन्दा कममै आयोजना बन्न सक्ने सरोकारवालाको दाबी छ।

समितिले यसअघि विस्थापित हुने करिब २० हजार व्यक्तिलाई चितवन र नवलपरासीमा पुनर्बास गराउनेबारे सरोकारवाला पक्षसँग परामर्श लिएको थियो। तर, परामर्शदाताले जलाशय क्षेत्रमा बसोबासका लागि दुई जिल्लाका उत्तम ४० क्षेत्र किटान गरेर पुनर्बास गराउनु वैज्ञानिक हुने निचोड निकालेको छ।

नेपाल विद्युत प्राधिकरणले गरेको सम्भाव्यता अध्ययनले आयोजनाबाट घरबास नै उठाउनुपर्ने व्यक्ति २० हजार र आर्थिकरुपमा प्रभावित हुनेको संख्या २५ हजार देखाएको थियो। तर, ट्र्याक्टबेलले गरेको अध्ययनले आयोजनाबाट भौतिक र आर्थिकरुपले करिब ३८ हजार व्यक्तिमात्र (करिब ८ हजार घर) प्रभावित हुने अनुमान गरेको छ।

आयोजनाको जलाशयमा २ दशमलव ७६ अर्ब घनमिटरसम्म पानी सञ्चित हुनेछ। यसैले यो क्षेत्र पर्यटन विकासका लागि नभइ जलविहार, माछापालन लगायत व्यवसाय विस्तार गर्न सकिने अध्ययनले देखाएको छ। आयोजना सन् २०२०/२१ सम्म निर्माण भएमा हिउँदको विद्युत संकटसमेत हट्नेछ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/२/२५

# बेचेरै सकिने भए खोला

विकास थापा

वैशाख १२ गतेको महाभूकम्पले मुलुक तहसनहस छ। पीडितहरूले अझै राहत पाउन सकेका छैनन् र वर्षायामअघि उनीहरूको सुरक्षित अस्थायी बसोवासको बन्दोबस्ती हुन सकेको छैन। सारा मुलुक शोकमा डुबेको छ।

अझै पनि वैशाख २९ गतेको धक्कापछि भग्नावशेषमा परेकाहरूको उद्धार हुन सकेको छैन। यसरी सारा नेपाल र नेपालीको ध्यान भूकम्प, परकम्प, उद्धार, राहत र व्यवस्थापनमा केन्द्रित भइरहेको मौका छोपेर ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीलाई भने 'घरज्वाइँलाई खानकै ध्याउन्न' भनेजस्तै कसरी हुन्छ कमिसन आउँछ भन्नेमा रहेको पछिल्लो घटनाले देखायो।

हिजो राजा ज्ञानेन्द्रले काठमाडौंका सडक खाली भएका बखत दसैंको मौका छोपी पारसलाई युवराज घोषणा गरेका थिए। मुलुकको ध्यान नै भूकम्पमा परिरहेको मौका छोपेर मन्त्री ज्ञवालीले जलाशययुक्त आँधीखोला एउटा चिनियाँ कम्पनीलाई दिने प्रक्रिया लगभग पूरा गरेकी छन्।

नेपाल विद्युत् प्राधिकरणको बोर्ड बैठकबाट पारित गराउन मात्र बाँकी छ। गत बिहीबारको बैठकबाटै आँधीखोलाको काजकिरिया गर्न सबै प्रपञ्च पूरा भइसकेको थियो, तर अन्नपूर्ण पोस्ट्मा त्यसबारे समाचार छापिएपछि त्यो प्रक्रिया अहिले 'स्थगन' भएको छ र आगामी बोर्ड बैठकमा पारित गराउने ध्याउन्नमा मन्त्री ज्ञवाली तल्लीन छिन्।

मन्त्री ज्ञवालीका यस्ता अनेकैं विवादास्पद प्रस्तावमाथि फरक मत राख्दै पारित हुनबाट रोक लगाउँदै आएका सञ्चालक समितिका सदस्यहरूसमेत आँधीखोला प्रकरणमा मन्त्रीलाई साथ दिएका छन्।

प्राधिकरणले दिव्य १० वर्षदेखि आँधीखोलाको अध्ययन गर्दै आएको थियो। ऊर्जा मन्त्रालयले यो आयोजना छिटोछिटो सक्न कहिले पनि अर्थ मन्त्रालयसित पर्याप्त बजेट मागेन।

प्राधिकरणलाई जति दियो, त्यसका आधारमा मात्र अध्ययन भयो। यसका भौतिक संरचना (प्रवेश मार्ग, प्रसारण लाइन) करिब बनिबनाउ छन्। जलाशययुक्त आयोजना भए पनि लगानीका हिसाबले समेत यो आकर्षक छ।

त्यही भएर विदेशी कम्पनीले यो आयोजनामाथि आँखा गाडिरहेका थिए। प्राधिकरणले अध्ययन गरेका वा चाहेका आयोजना जति अधिकांशमा विदेशीले र्‍याल चुहाइरहेका हुन्छन्।

ऊर्जा सचिव आफैं लाइसेन्स वितरण गर्ने अधिकारप्राप्त अधिकारी हुन्, तर सचिवको निर्णयमा जहिले पनि ऊर्जामन्त्रीले अंकुश लगाउने काम भइरहेको हुन्छ। सचिवले यसो गरौं भनेर प्राधिकरणलाई लाइसेन्स दिन खोज्दा मन्त्रीले 'अहिले पर्खनोस्' भन्ने गर्छन्।

मन्त्रीको लक्ष्मण रेखा नाघेर कुनै पनि सचिवले राष्ट्रहितमा निर्णय गर्न सक्दैन। प्राधिकरणले बिनालाइसेन्स अध्ययन गरिरहेको अर्को आयोजना हो उत्तर गंगा (जलाशययुक्त) ।

यो आयोजना पनि विदेशीलाई दिनका लागि ऊर्जामन्त्री लालायित छिन्। बिनालाइसेन्स अध्ययनमा गरिरहेको खर्चलाई महालेखाले बेरुजु निकाल्ने गरेको छ।

विदेशी कम्पनीलाई टक्र्याउनका लागि साइत कुरेर बसेकै कारण प्राधिकरणले निर्धक्क भएर अध्ययन गर्न पाएको छैन। अहिले आँधीखोलामा प्राधिकरणको बढीमा १५ प्रतिशत मात्र सेयर हुने गरी जुन मोडालिटी तयार गरिएको छ, त्यो नै सबैभन्दा राष्ट्रघाती छ।

एक त यो आयोजना हरहालतले नेपाल सरकार वा प्राधिकरणले बनाउनुपर्थ्यो। पैसा छैन भन्दै दरिद्रता देखाएर धमाधम विदेशीलाई दिने काम नयाँ होइन। प्राधिकरणसित पैसा छैन, बनाउन सक्दैन, भ्रष्टाचार हुन्छ भन्दै चिनियाँ कम्पनीलाई आँधीखोला दिन लागिएको हो।

यो प्रकरणमा वामदेवदेखि बालकोटसम्मको चासो छ। त्यही भएर यसलाई प्राधिकरणमा 'शक्तिशाली' प्रस्ताव मानिएको हो। प्राधिकरणको घाँटी रेटेर लागत जति उसको थाप्लोमा पारेर आयोजना बनाउने यो खेलमा देशका ठूला भनिएका नेताको समेत संलग्नताले छर्लंग पार्छ- नेताको काम एजेन्टबाट कमिसन असुल्नु मात्र हो।

बनाउने नियत त यसमा छँदै छैन, देखाउनकै लागि भए पनि प्रतिस्पर्धा गराउनुपर्थ्यो।मन्त्री ज्ञवाली आफैंमा योग्य, शिक्षित र क्रान्तिका लागि आफ्ना व्यक्तिगत स्वार्थ तिलाञ्जलि दिएकी व्यक्ति हुन्। तर उनी आफ्नोभन्दा पनि एजेन्टका, एजेन्टसित साँठगाँठ भएका पार्टी नेतृत्वका र तिनका स्वार्थी झुन्डको इशारामा मात्र सञ्चालित भएकै कारण एकपछि अर्को गर्दै विवादास्पद निर्णय गर्दै आएकी छन्।

पार्टी नेतृत्वलाई पनि मन्त्री ज्ञवालीबाट काम गराउन निकै सजिलो भएको छ। अहिले आँधीखोला प्रकरण पनि मन्त्री ज्ञवालीको भन्दा पनि उनको पार्टीपंक्तिको दबाबमा भएको भनेर बुझ्न धेरै बेर लाग्दैन।

आफ्नो निर्णयविहीनता, विषयवस्तुको गाम्भीर्य र मुलुकप्रति इमानदारी अभाव भएकै कमजोर व्यक्तिलाई दलले मन्त्री बनाएर पठाउँछ। अनि दलको त्यो नेतृत्वले यस्तै काम ज्ञवालीमार्फत गराउँछ।

अहिले एमालेलाई आँधीखोला चिनियाँ कम्पनीलाई बेच्न मन्त्री ज्ञवालीलाई कठपुतली मात्र बनाइएको हो। यसअघि मन्त्री ज्ञवालीका कतिपय निर्णय पनि पार्टीको 'फरमान' कै कारण भएका थिए।

एकपछि अर्को गर्दै विवादास्पद निर्णय मात्र हुनु, मुलुक र ऊर्जा क्षेत्रका पक्षतमा कुनै पनि गतिला निर्णय नहुनु, मन्त्रालयका सहसचिव तथा सचिवहरूको कुरा नसुनी प्राधिकरणका पाँच तहका कर्मचारी (युनियन) को सल्लाह मात्र 'ग्रहण' गरी त्यसअनुसार काम गर्नु मन्त्री ज्ञवालीको सामान्य चरित्र भएको छ।

मन्त्रालय, विद्युत् विकास विभाग र प्राधिकरणका अनुभवी कर्मचारीको सल्लाहविपरीत पार्टी, पार्टीसम्बद्ध एजेन्ट र जलमाफियाका इसारामा निर्णय हुँदा ऊर्जा क्षेत्र धराशायी भइरहेको थियो।

त्यसमाथि यो महाभूकम्पले गर्दा निर्माणाधीन आयोजना पर मात्र धकेलिएका छैनन्, तिनका लागत पनि एजेन्टहरूले भनेबमोजिम हुने गरी बढ्ने भएको छ।

प्राधिकरणलाई राजनीतिक तवरले कुल्चिसकेपछि मन्त्रीले मन्त्रालय र विद्युत् विकास विभागका पदाधिकारीलाई औंलामा नचाइदिन्छ। आफूले भनेको नमान्नेले जल तथा ऊर्जा आयोग सचिवालयमा मिल्काइन्छ। त्यहाँ गएर मिल्किनुभन्दा बरु मन्त्रीले भनेको मानेर उनीहरू सम्झौता गर्छन्। आफ्नो स्वाभिमानमा रहँदैनन्, निरीह हुन्छन्।

हरेक आकर्षक आयोजना विदेशीको पोल्टामा पर्छन् किन? प्राधिकरणले मध्य-मर्स्याङ्दी (विशाल संरचना, थोरै बिजुली), त्रिशूली थ्री ए (एक सय ५० मेगावाट बनाउनुपर्नेमा ६० मेगावाट), चमेलिया (एक सय ३३ किलोमिटर प्रसारण लाइन, अति विकट) जस्ता आयोजना बनाउन लगाइन्छ। यी आयोजना प्राधिकरणले आफ्नो बुद्धि र विवेकमा बनाएको होइन, कमिसनका लागि बनाउन लगाइएको हो।

जलमाफियाहरूले ऋण पनि मिलाइदिने, आयोजनाको ठेकेदारी पनि गरिदिने, आफ्नै परामर्शदाता, आपूर्तिकर्ता हुनुपर्ने सर्त तेर्स्याउँछन्, तिनको पालना गर्दागर्दा प्रतिमेगावाट लागत दोब्बर, तेब्बर हुने गर्छ, त्यो पनि समयमा कहिल्यै पूरा हुँदैनन्।

प्राधिकरणको व्यवस्थापनमा पूरै राजनीतीकरण, फेरि मन्त्रीले विभिन्न ठाउँबाट थपक्क ल्याएर राखेका सञ्चालक (अपवादमा बाहेक) एजेन्टका गोटीका रूपमा काम गर्छन्।

प्राधिकरण अध्यक्ष अर्थात् ऊर्जामन्त्रीले गलत र विवादास्पद प्रस्ताव पारित गराउँदा यी सञ्चालकले मन्त्रीसित बार्गेनिङ गर्छन्। कि आफ्नो भाग खोज्छन्, कि आफ्नो पनि प्रस्ताव पारित गरिदिनुपर्ने अडान लिन्छन्।

अनि मन्त्रीले आफ्नो प्रस्ताव पारित गराएर सञ्चालकहरूका प्रस्ताव पनि पारित गरिदिन्छ। सबै सञ्चालक त्यस्ता छैनन्, तर अधिकांश केही न केही स्वार्थमा रहेका छन्।

प्राधिकरणलाई राजनीतिक तवरले कुल्चिसकेपछि मन्त्रीले मन्त्रालय र विद्युत् विकास विभागका पदाधिकारीलाई औंलामा नचाइदिन्छ। आफूले भनेको नमान्नेले जल तथा ऊर्जा आयोग सचिवालयमा मिल्काइन्छ। त्यहाँ गएर मिल्किनुभन्दा बरु मन्त्रीले भनेको मानेर उनीहरू सम्झौता गर्छन्। आफ्नो स्वाभिमानमा रहँदैनन्, निरीह हुन्छन्।

प्राधिकरणभित्र पनि कसरी हुन्छ मन्त्रीको नजिक हुने र मन्त्रीलाई रिझाएर आफ्नो दुनो सोझ्याउने प्रवृत्ति हाबी छ। यस्तो प्रवृत्तिमा पहिलो नम्बरमा दल नजिक युनियन हुन्छन्।

मन्त्रीले पनि प्राधिकरणका उच्च तहका अनुभवी कर्मचारी र मन्त्रालयका सचिव र सहसचिवको भन्दा यिनै युनियनका खरिदार र सुब्बा तहका कर्मचारीको सल्लाह सुनेको हुन्छ। युनियनका पदाधिकारीको मुख्य ध्येय ठेक्कापट्टाका सर्त एजेन्टहरूलाई चुहाएर ठेक्का दिलाउनु र आफूले भनेको ठाउँमा आफ्ना कर्मचारी सरुवा गर्नु।

माथिल्लो अरूणको परार्शदाता छनोटका सर्त ठेक्का हुनुअघि नै चुहाइएको थियो। चार अर्ब रुपैयाँको परामर्शदाता नियुक्तिमा एजेन्टले एक प्रतिशत कमिसन दिँदा पनि चार करोड रुपैयाँ हुन आउँछ।

यति धेरै रकमका लागि प्राधिकरणका बेइमान कर्मचारीका लागि जे पनि गर्छन्। यी र यस्ता बेथिति र जालोका बीच आँधीखोला आयोजना विदेशीलाई बेच्न लागिएको छ।

अध्ययन गरिएका र राष्ट्रिय आवश्यकता ठानिएका आयोजनाजति खुसुक्क विदेशीलाई दिनुको एउटै कारण हो- कमिसन।

प्राधिकरणले लाइसेन्स होल्ड गर्ने अनि बेच्ने हो भने प्राधिकरणलाई किन दिने भनेर भोलिका दिनमा यिनै मन्त्रीले प्राधिकरणलाई लाइसेन्स दिनु हुँदैन भनी बिगुल फसुक्दै हिँड्नेछन्।

श्रोतः आर्थिक दैनिक, २०७२/२/२५

# गर्जाङ–खिम्ती प्रसारण लाइन १३२ केभी बनाउने तयारी

खिम्ती प्रसारण लाइन बन्ने पक्का भएपछि खिम्तीखोला र त्यसआसपासमा बन्नलागेका जलविद्युत् आयोजनाका लागि बाटो खुलेको छ । प्रसारण लाइनको अभावमा उत्पादन अनुमति र विद्युत् खरिद सम्झौता समेत भइसकेर अन्योलमा परेका जलविद्युत् आयोजनाहरुलाई निर्माणमा जान सहज भएको हो । खिम्ती खोला करिडोरमै निर्माण हुने जलविद्युत् आयोजनाहरुलाई लक्षित गरी विद्युत् प्राधिकरणले गर्जाङ–खिम्ती १३२ किलोभोल्टको डबल सर्किटको प्रसारण लाइन निर्माण गर्ने तयारी गरेको छ । गर्जाङ–खिम्ती प्रसारण लाइन आयोजनाले शनिबार रामेछापको रस्नालुमा वातावरणीय प्रभाव मूल्याङ्कन मस्यौदामाथि सार्वजनिक सुनुवाइ समेत गरेको छ । सार्वजनिक सुनुवाइमा स्थानीयले वातावरणीय विकासमा ध्यान दिँदै प्रसारण लाइन चाँडो सुरु गर्न माग गरेका छन् ।

सभासद पशुपति चौलागाईंले जलविद्युत् विकासको महत्वपूर्ण बाटो प्रसारण लाइन भएकाले प्राधिकरणले चाँडोभन्दा चाँडो प्रसारण लाइन निर्माण गर्न सुझाव दिए । प्रसारण लाइन अभावमै जलविद्युत् विकास हुन नसकेको उनले बताए । यो प्रसारण लाइन चाँडै बने खिम्तीआसपासका सबै जलविद्युत् आयोजना बन्ने र त्यसले दोलखा र रामेछापको प्रभावित गाउँहरुको कायापलट हुने उनले बताए । कार्यक्रममा मध्यमाञ्चल क्षेत्रीय प्रशासक रामकुमार आचार्यले महाभूकम्पले सबै त्रसित भए पनि अब पुनः विकासका कार्यक्रममा पनि लाग्नुपर्ने बताए । नेपालको पहाडी क्षेत्रबाट बग्ने खोलालाई प्रयोग गरेर विद्युत् उत्पादनको विकल्प नभएको उनको भनाइ थियो । उनले जलविद्युत् विकासमा प्रशासनिक क्षेत्रबाट सक्दो सहयोग हुने प्रतिबद्धता व्यक्त गरे ।
जलविद्युत् विकास अभियन्ता तथा हिमालयन ऊर्जा कम्पनीका सञ्चालक प्रा.डा. भीम न्यौपानेले यस क्षेत्रका जलविद्युत् प्रवद्र्धकहरु प्रसारण लाइन नै पर्खेर बसेको बताए । जलविद्युत् विकाससँगै खिम्तीबाट प्रभावित क्षेत्रमा जलविद्युत् प्रवद्र्धकहरुले पनि योजना बनाएर खिम्ती 'भिजन' बनाएर काम गर्ने बताए । गर्जाङ–खिम्ती प्रसारण लाइन आयोजनाका प्रमुख केदार सिलवालले वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत हुनेबित्तिकै प्रसारण लाइनको काम सुरु हुने बताए । आयोजनाका वातावरणीय प्रतिवदेन पेससँगै टेण्डर डकुमेन्ट पनि बनाउने उनले बताए । आयोजनाको निर्माण अवधि दुई वर्ष रहेको छ ।

आयोजनाको रामेछापको चुचुरे गाविस गर्जाङमानयाँ सबस्टेसन ट्रान्सफर्मर क्षमता १३२/३३ एम.भी.ए स्थापना गरी रामेछापकै फुलासीको न्यू खिम्ती सबस्टेसनमा जोडिनेछ । प्रसारण लाइनमा ४९ वटा एंगल टावरसहित जम्मा एक सय २० वटा टावर रहनेछन् । टावरको उचाइ १८ मिटर हुनेछ । प्रसारण लाइनको लम्बाइ ३० किलोमिटर रहेको आयोजना प्रमुख सिलवालले जानकारी दिए । आयोजना निर्माणका लागि सबै किसिमका ५६ हेक्टर जमिन प्रयोग हुनेछ । आयोजनाको कुल अनुमानित लागत ७७ करोड ७८ लाख रहेको छ । आयोजनाबाट रामेछापको चुचुरे, रस्नालु, ठोसे, बेताली, नामाडी र फुलासीगाविस र दोलखाको सहरे, च्यामागाविस र जिरी नगरपालिका प्रभावित हुनेछन् ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/२/२५

## संकटका बेला ऊर्जामा चलखेल

*विकास थापा*

सरकारी संयन्त्र पंगु बनाउने गरी विभिन्न विकास समिति गठन हुन्छन्। विभिन्न निकायका सञ्चालक समितिमा सरकारका जिम्मेवार पदाधिकारीलाई सञ्चालक नबनाई आफ्ना कार्यकर्ता, अह्रौटे भरौटेलाई नियुक्ति गराइन्छ। यी कृत्य कुनै नयाँ कुरा होइनन्।

कार्यकर्ता र आफ्ना मान्छे नियुक्ति गरेर बोनस खुवाइरहेका सार्वजनिक निकायलाई धराशयी पार्ने पनि यिनै राजनीतिक दलका नेता हुन्। पार्टी अध्यक्ष, सभापति वा महासचिव भइसकेका जिम्मेवार नेताका काम नै कसरी हुन्छ, आफ्ना सात पुस्तालाई पुग्ने धरी धनार्जन गर्ने, पार्टीलाई आर्थिक रूपले सबल बनाउने भन्ने ध्येयका कारण नै हरेक निर्णयमा स्वहिस्सा खोज्ने गरिन्छ।

यसरी हिस्सा खोज्ने क्रममा कतिपयलाई निर्णय गराउन 'प्रस्ताव' नै आह्वान गरिन्छ भने प्रक्रियागत रूपमा निर्णयको किनारामा आइपुगेपछि हिस्सा नपाएसम्म फाइल थन्काइन्छ।

यस्तो हिस्सा खोज्ने क्रममा सरकारी कर्मचारीलाई बाइपास गरिन्छ, अर्को दलले नियुक्ति गरेको रहेछ भने मिल्काइन्छ अनि ब्रह्मलुट शैलीमा देश नै बेच्ने गरी निर्णय हुन्छन्।

यो प्रवृत्ति कुनै एक मन्त्रालय मात्र होइन, पूरै राज्य संयन्त्रमा हाबी भइरहेको छ। स्वार्थको घेराभन्दा माथि कुनै पनि दलका नेता, तिनका मन्त्रालय उठ्न नसकेकै कारण आज मुलुकको यो हविगत भएको हो।

अहिले सत्ताको बागडोर कांग्रेस र एमालेको हातमा छ। माथि उल्लिखित प्रवृत्ति यी दुई दलले पछिल्लो समयमा कसरी उजागर गरेका छन् भन्ने एउटा उदाहरण हेरौं। देश भूकम्पले क्षत्विक्षत् छ।

पालमा सहरी विकास मन्त्रालयले संस्थागत लुट मच्चाइरहेको स्वयं सरकारी निकायले नै सार्वजनिक गरिसकेको छ। राहत, पुनस्र्थापना अझ पूरा भएको छैन। तर ऊर्जा मन्त्रालयमा भने घिनलाग्दो खेल भइरहेको छ।

आफ्ना कार्यकर्ता पोस्ने वा उसलाई नियुक्ति गराएबापत केही रकम हात पार्नेबाहेक सरकारद्वारा गठित समितिको उद्देश्य अरू हुन सक्दैन। हिजो डा. बाबुराम भट्टराईले जागिर खुवाउने शैलीमा बूढीगण्डकी र नलसिंहगाड जलविद्युत् आयोजना अघि बढाउन कार्यकारी अध्यक्षको व्यवस्था गरे।

जलाशययुक्त आयोजनाको अध्ययन र त्यसपछि वित्तीय व्यवस्थापनका लागि समिति गठन गरिएको भनिए पनि राजनीतिक चरित्र भएका व्यक्तिलाई कार्यकारी अध्यक्ष बनाइयो।

हिजो पञ्चायतकालमा पनि यस्ता समिति बन्थे, तर त्यसको अध्यक्ष मन्त्री वा सचिव आफैं हुन्थे र सबै कर्मचारी सरकारले खटाउँथ्यो र निर्दिष्ट लक्ष्य हासिल हुन्थे। अहिले पनि समिति बनाइएको छ, तर उद्‌देश्य जागिर र ठेक्कापट्टामा कमिसन मात्र हात पार्ने नियत छ।

बूढीगण्डकी र नलसिंहगाडमा डा. भट्टराईले नियुक्त गरेका व्यक्ति आफैंमा राजनीतिक प्राणी थिए। तिनबाट काम हुन सक्दैन भन्ने पनि थाहा थियो। भट्टराईपछि एमालेको हातमा ऊर्जा मन्त्रालय पर्‍यो।

दुवै विकास समितिका अध्यक्ष हटाउँदा अदालतबाट पुनर्बहाली हुने प्रबल सम्भावना देखेर कार्यकारी अध्यक्षका सबै अधिकार कटौती गरेर केवल अध्यक्षमा मात्र सीमित पारियो।

अनि दुवै अध्यक्षलाई गाडी, मासिक एक लाख रुपैयाँ तलबभत्ता यथावत् हुने गरी अर्को कार्यकारी निर्देशक थप गर्ने गठन आदेश नियमावली नै संशोधन गरियो।

बैठकमा मात्र भत्ता पाइने नियम भए पनि तलबै खाएर बसेका छन्। अब त्यो कार्यकारी निर्देशक पनि राजनीतिक प्राणी नै हुने भयो।

यसले के देखायो भने राज्यकोषको लाखौं रुपैयाँ सत्तासीन दलका कार्यकर्ता पोस्न खर्च हुने भयो। खर्च भएर काम हुने भए त चित्त बुझाउँदा हुन्थ्यो। काम यिनले गर्न सक्दैनन् भन्ने त देखिइसकेको छ।

**साराले काम गलत भयो भनिरहँदा पनि ऊर्जामन्त्रीले लिँडेढिपी गरिरहनुमा स्वार्थको ठूलो खेल रहेको बुझ्न धेरै समय लाग्दैन। यस्ता नेता, नेतृत्व र नियतले मुलुकको विकास हुन्छ भनेर कत्ति पनि अपेक्षा गर्न सकिँदैन।**

राज्यकोष लुटाउने खेलमा कांग्रेस र एमाले सरिक भए र बूढीगण्डकी र नलसिंहगाडमा कार्यकर्ता भर्ती गर्ने अन्तिम प्रक्रिया मात्र बाँकी छ।

एमालेले पन्चेश्वरमा प्रस्ताव गरेको महेन्द्रबहादुर गुरुङलाई कांग्रेसले समर्थन गर्नुपर्ने, कांग्रेसले नलसिंहगाडमा प्रस्ताव गरेको मोतीबहादुर कुँवरलाई एमालेले नियुक्ति दिनुपर्ने गरी प्रक्रिया अघि बढाइयो।

युद्धरत देशले एकले अर्को देशका युद्धबन्दीलाई रिहा गरेजस्तै आफ्ना मान्छे नियुक्ति गराउन योसम्मको खेल हुँदोरहेछ। पन्चेश्वर आयोजना नेपालको विकासका लागि महत्त्वपूर्ण परियोजना हो।

भारतले महाकाली सन्धि गराउन मात्र ललीपपका रूपमा अघि सारेको पन्चेश्वर बहुउद्देश्यीय भारतमा मोदी सरकार आएपछि नाटकीय र अस्वाभाविक रूपमा निर्माण प्रक्रिया अघि बढ्यो।

भारतले एकपछि अर्को गर्दै अति आलटाल गर्दै आएको विषयवस्तु गम्भीर ढंगले अघि बढ्यो, जुन नेपालले चाहँदै आएको पनि थियो। पन्चेश्वरमा दुई देशबीच भएको सहमतिअनुसार यसको प्रमुख कार्यकारी अधिकृत नेपाल र भारतले पालैपालो गर्ने भए।

पहिलो पालो नेपालको भयो। नेपालको सीईओ भए भारतको उपसीईओ र भारतको सीइओ भए नेपालको उपसीईयो। यसका लागि भारतले चार महिनाअघि आफ्नो तर्फबाट उपसीईओका लागि भारतीय बहालवाला सहसचिव प्रस्ताव गरेर पठाइसकेको छ, तर राज्यले १९ वर्षदेखि प्रतीक्षा गरेको विषयमा भारत उदार भएर आउँदा पनि नेपालले उही राजनीतिक नियुक्ति रोज्यो।

अनि एमालेका तर्फबाट नेपाल इन्जिनियर्स एसोसिएसनका अध्यक्ष भएका महेन्द्रबहादुर गुरुङलाई प्रस्ताव ग:यो। गुरुङ आफैंमा सोझा छन्, तर उनीसित विद्युत् क्षेत्रको ज्ञान छैन, न त विद्युत्मा भारतसित कुनै द्विपक्षीय 'डिल' गरेको अनुभव नै छ।

भारतसित जलस्रोत सचिवस्तरीय, सहसचिव स्तरीय र विभिन्न द्विपक्षीय वार्तामा सहभागी भएका, भारतीय प्रवृत्ति बुझेका र जलस्रोत एवं विद्युत्मा नेपालको अधिकतम हितको ज्ञान भएका सरकारी बहालवाला सहसचिवलाई पन्चेश्वरको सीईओमा प्रस्ताव गरेको भए यो आयोजनाको भविष्य अन्योलग्रस्त हुने थिएन।
एमालेले जहिले पनि कुनै पनि विकास निर्माण गर्दा आफू र आफ्नो पार्टीलाई के फाइदा हुन्छ भनेर मात्र हेर्ने गर्छ। फाइदा हुने भयो भने मात्र अघि बढाउँछ, नत्र तुहाइदिन्छ। यस्तै धेरै उदाहरणमध्ये अरुण तेस्रो मुख्य हो।

सरकारकै सहसचिवलाई पन्चेश्वरमा नियुक्त गरेको भए ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीलाई व्यक्तिगत रूपमा केही फाइदा हुँदैनथ्यो, तर देशले अधिकतम लाभ लिन सक्थ्यो।

मुलुकको आर्थिक उन्नतिसित जोडिएको विषयमा समेत मन्त्री ज्ञवालीले राजनीतिक घेराको स्वार्थभन्दा माथि उठ्न सकिनन्। पार्टीले पनि यस्तै देशको हित नहेर्ने, आफ्नो मात्र हेर्ने व्यक्ति छानेर मन्त्री बनाएको हो।

पन्चेश्वरमा एमालेले भनेकै व्यक्ति राख्न उसले नलसिंहगाडलाई बलिदानी दिएको छ। ऊर्जा मन्त्रालय एमालेको छ, तर नलसिंहगाडमा कांग्रेसले सिफारिस गरेको रिटायर्ड सहसचिव नियुक्त हुँदैछ।

आफ्नो भागमा परेको अरूलाई दिने चलन र संस्कृति दलहरूमा सामान्यतया छैन, तर आफ्नो स्वार्थ पूरा हुने भएपछि जेजस्तो निर्णय गर्न पनि पछि पर्दैनन् भन्ने यो अर्को उदाहरण हो।

नलसिंहगाडका कार्यकारी अध्यक्ष शेरबहादुर शाहीलाई माइनस गरी अधिकारसम्पन्न कार्यकारी निर्देशकका लागि ऊर्जामन्त्री ज्ञवाली सहमत भएकी हुन्। किनभने यस्ता समितिका पदाधिकारीले खाने तलब, भत्ता अर्थ मन्त्रालयले स्वीकृत गर्नुपर्छ।

एक हातले लिने र अर्को हातले दिने काम यसमा भएको छ, तर विडम्बना कांग्रेस र एमाले सिफारिस गरेका व्यक्तिमा उनका दल निकटबाहेक अरू खुबी छैन। कुँवर पनि सिँचाइका विज्ञ (भूमिगत जलस्रोत) हुन्, तर ल्याउन लागिएको छ विद्युत्मा। यसरी लेनदेनको राजनीतिले मुलुकको महत्त्वपूर्ण आयोजना धरापमा पार्ने प्रयास भइरहेको छ।

मितव्ययिताको नारा जप्न अर्थ मन्त्रालयले पनि आफ्नो स्वार्थ पूरा हुन्छ भने राज्यको ढुकुटी लुटाउँदो रहेछ भन्ने अर्को उदाहरण देखाएको छ। अर्कोतर्फ यी दुवै पात्र सम्बन्धित क्षेत्रका विज्ञ, नाम कमाएका र सरकारी सेवामा हुँदा उल्लेखनीय कार्य गरेका भए पनि सरकारी निर्णय ठिकै हो भन्न सकिन्थ्यो, तर ल्याउने नियत नै खराब छ।

साराले यो काम गलत हो भनिरहँदा पनि टसको मस नभई लिँडेढिपीमा अडिग रहनुमा ठूलो स्वार्थको खेल रहेको बुझ्न धेरै बेर लाग्दैन। यस्ता नेता, नेतृत्व र नियतले मुलुकको विकास हुन्छ भनेर अपेक्षा नै गर्न सकिँदैन।

हरेक सार्वजनिक निकायलाई आर्थिक रूपले ध्वस्त पार्नेदेखि धराशयी पार्ने काम पनि यिनै दलका नेताहरूबाटै भएका हुन्। चलिरहेको संस्था निजीकरण गरेर साहू पोस्ने र जनता मार्ने पनि यिनै हुन्।

२०४६ सालदेखि नेताहरूमा रहेको यो प्रवृत्तिबीच ऊर्जामन्त्री ज्ञवाली कसरी अपवाद हुन सक्छिन् र उनले पनि उनका नेता र मालिकले जसरी देश लुट्ने काम देखाए र लुट्न निर्देशन दिए त्यहीअनुसार गरिरहेकी छन्। आदेश पालना गराउँदा अरू प्रस्ताव र निर्णयमा आफ्नो दुनो पनि सोझ्याएकी छन् ऊर्जामन्त्रीले।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/२/२६

# पाँचै युनियनको घेराउपछि आँधीखोला चिनियाँलाई दिने प्रयास विफल

विकास थापा

विद्युत् प्राधिकरणका पाँचवटै कर्मचारी युनियनले दिनभर विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेको कार्यकक्षमा संगठित रुपमा घेराउ गरेपछि आँधीखोला जलाशययुक्त जलविद्युत् आयोजना चिनियाँ कम्पनीलाई दिने प्रयास विफल भएको छ।

उर्जा मन्त्री राधाकुमारी ज्ञवालीको प्रस्तावमा मंगलबार प्राधिकरण संचालक समितिको बैठक बसेर आँधीखोला आयोजना चिनियाँ कम्पनीलाई दिने तयारी थियो। तर युनियनले घेराउ गरेपछि बोर्डको बैठकसमेत बस्न पाएन।

प्राधिकरण सञ्चालक समितिको बैठकका लागि आइपुगेका सन्तोषनारायण श्रेष्ठलाई कर्मचारीले भित्रबाट निकालेपछि मन्त्री ज्ञवालीले मन्त्रालयमै बोर्ड बैठक डाकेकी थिइन्। तर कार्यकारी निर्देशक काफ्लेलाई कार्यकक्षबाट बाहिर निस्कन नदिएपछि उनको त्यो प्रयास पनि विफल भएको थियो।

मन्त्री ज्ञवालीले प्राधिकरणका युनियनलाई प्रस्तावबारे सामान्य जानकारी दिलाएलगत्तै सञ्चालक समितिको बैठकबाट मंगलबार जसरी पनि पारित गर्ने योजना थियो। युनियनका अध्यक्षसहितका पदाधिकारीलाई मंगलबार अपरान्ह ३ बजे कार्यकारी निर्देशक काफ्लेले चिनियाँ कम्पनीसित आँधीखोला जलविद्युत्को साझेल्लदारीसम्बन्धी 'ब्रिफिङ' गरेका थिए।

युनियनका पदाधिकारीहरुका अनुसार ब्रिफिङ लगत्तै सञ्चालक समितिको बैठक बसेर पारित गराउने मन्त्रीको दाउ असफल पार्न कार्यकारी निर्देशकलाई आफ्नो कोठाबाट बाहिर निस्कन नदिई धर्ना बसेका थिए। बैठकका लागि प्राधिकरण छिरेका सञ्चालक समितिका सदस्य सन्तोषनारायण श्रेष्ठलाई बाहिर निकाली धर्ना बसेका हुन्। चुनावी मन्त्रिपरिषद्का ऊर्जामन्त्री उमाकान्त झाबाट नियुक्ती पाएका श्रेष्ठ एमालेको भागमा ऊर्जा मन्त्री भएपछि पनि 'नवीकृत' भई सञ्चालकमा निरन्तरता पाएका हुन्।

मन्त्री ज्ञवालीले प्राधिकरणले अध्ययन गरिरहेको र आफ्नै नाममा लाइसेन्स रहेको आँधीखोला आयोजना गोप्य वार्ताका आधारमा चिनियाँ कम्पनी सीजीजीसीलाई फाइदा हुने गरी 'आयोजना विकास सम्झौता' प्रस्ताव गरेपछि प्राधिकरणभित्रै चर्को विरोध भएको हो।

एमाले निकट प्राधिकरणको कर्मचारी युनियनका अध्यक्ष रामप्रसाद रिमालले आँधीखोला कुनै विदेशी कम्पनीलाई दिनुअघि यसका उपल›धी र असरबारे व्यापक र गम्भीर छलफल नभएकाले प्राधिकरणका सबै युनियनहरु गम्भीर र चिन्तित बनेको बताए। 'भोलि यसको पीपीए (विद्युत् खरीद सम्झौता) ले

प्राधिकरणलाई पर्ने असरबारे कुनै छलफल नै भएन,' धर्नास्थलमा रिमालले मंगलबार अन्नपूर्णसित भने, 'हामी जबर्जस्ती निर्णय हुन दिन्नौं।'

प्राधिकरण कर्मचारी संघका अध्यक्ष जनार्दन भट्टराईले बिना प्रतिस्पर्धा कालोसूचिमा परेको एउटा चिनियाँ कम्पनीलाई आँधीखोलाजस्तो आयोजना कुनै कुनामा बसेर दिने कुराप्रति आफ्नो गम्भीर असहमति रहेको बताए। 'मानसिक रुपमा हामी पनि तयार छौं कि कुनै कुनामा बसेर निर्णय गरियो भने सशक्त आन्दोलन गर्नेछौं,' उनले भने।

विदेशी निजी कम्पनीलाई प्रस्ताव हाल्न लगाएर जबर्जस्ती एकतर्फी ढंगले आँधीखोला सुम्पन लागेको राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष सीताराम थापाले बताए। आँधीखोला चिनियाँ कम्पनीले बनाएमा त्यसले कालीगण्डकी एलाई समेत असर गर्ने, इक्वीटीको नाटक रचेर ठेकेदारलाईमात्र पोस्ने कामको सबै युनियन मिलेर विरोध गरेको उनको तर्क थियो। 'आइन्दा कुनै पनि आयोजनामा हुने यस्तो हस्तक्षेप हामी सहने छैनौं,' उनले भने।

कर्मचारी कल्याण परिषद्का अध्यक्ष चन्द्रबहादुर खापुङले नियोजित तरिकाबाट निश्चित व्यक्तिका स्वार्थका लागि प्राधिकरणलाई घाटा हुने गरी आँधीखोला चिनियाँ कम्पनीलाई दिन लागिएकोप्रति घोर आपत्ति जनाए। 'नेपालमा विवादित कम्पनीलाई प्राधिकरणले अध्ययन गरिरहेको आयोजना दिने दुस्साहस सह्य हुनेछैन,' उनले भने।

त्यसैगरी संयुक्त धर्नारत नेपाल राष्ट्रिय कर्मचारी संगठनका वरिष्ठ उपाध्यक्ष भीमराज कडरियादले प्राधिकरणको प्राथमिकता के हो, कुन आयोजना आपैल्लले बनाउने, कस्तालाई विदेशी साझेल्लदारीमा निर्माण गर्ने, कस्तालाई प्रतिस्पर्धा गरेर दिने नीति नरहेको बताए। 'सर्वपक्षीय छलफल गरेर मात्र पारित होस्,' उनले भने।

श्रोतः नागरिक, २०७२/२/२६

# बुढिगण्डकी पीडितलाई पुनर्स्थापना गराउन पैसा अभाव हुँदैन : अर्थमन्त्री

नरहरि सापकोटा

राष्ट्रपतिसँगै गोरखा आएका अर्थमन्त्री रामशरण महतले गोरखा र धादिङको सीमानामा बन्न लागेको बुढिगण्डकी जलविद्युत आयोजनाबाट विस्थापित हुनेहरुलाई उचित मुआब्जा दिएर यही बेला जमिन अधिग्रहरण गर्नुपर्ने बताएका छन्।
'बिस्थापित हुनेहरुको जमिन चाँडै अधिकरण गर्नुपर्यो, यही मौकामा काम गर्यौं भने सहज हुनेछ,' अर्थमन्त्री महतले भने। ऊर्जामन्त्रालयसँग छलफल भइसकेको बताउँदै उनले बुढिगण्डकी आयोजनाबाट विस्थापित हुनेहरुलाई पुनर्स्थापना गराउने योजना रहेको बताए।

'ऊर्जा मन्त्रालयले काम अगाडि बढाउनुपर्यो, पुनेर्स्थापना गर्न अर्थमन्त्रालयले पैसाको अभाव हुन दिँदैन।' भूकम्पपीडित नागरिकलाई पुनःनिर्माणका लागि चाहिने पैसा दिने बताएका छन्। 'पीडित सही मान्छेले रकम पाउनुपर्यो, पुनःनिर्माणमा खर्च गर्नुपर्छ, सरकारले पुनःनिर्माणका लागि दुई लाखसम्म दिन्छ।' सस्तो ब्याजदरमा ऋणसमेत सरकारले दिने उनले बताए।

श्रोतः अभियान, २०७२/२/२६

# ऊर्जामा भूकम्पले पारेको प्रभाव र क्षतिको विवरण माग्यो कृषि तथा जलस्रोत समितिले

व्यवस्थापिका–संसद् मातहतको कृषि तथा जलस्रोत समितिले भूकम्पका कारण क्षतिग्रस्त भएका जलविद्युत् आयोजनाको अवस्था र यथार्थ विवरण प्रस्तुत गर्न ऊर्जा मन्त्रालयलाई आग्रह गरेको छ ।

समितिको मङ्गलबार बसेको बैठकले भूकम्पबाट नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रले सञ्चालन गरेका जलविद्युत् आयोजनाका सम्बन्धमा प्रभावकारी जानकारी गराउन र सञ्चालनका लागि अपनाउनुपर्ने विषयका सम्बन्धमा आवश्यक व्यवस्था गर्न आग्रह गरेको हो । भूकम्पका कारण प्राधिकरणको प्रसारण प्रणाली, मिटर बक्स तथा अन्य भौतिक पूर्वाधारमा क्षति भएको, भूकम्प प्रभावित १४ जिल्लाका दुर्गम तथा उत्तरी क्षेत्रमा अझै पनि विद्युत् सेवा उपलब्ध गराउन प्राधिकरणले ध्यान दिन नसकेको भन्दै ऊर्जा मन्त्री राधा ज्ञवालीको ध्यानाकर्षण गराइएको समितिका सभापति गगन थापाले जानकारी दिए ।

हालसम्म ऊर्जा मन्त्रालयले गरेको प्रारम्भिक अध्ययनमा करीब रू. १५ अर्बबराबरको क्षति ऊर्जा क्षेत्रमा भएको, कतिपय निर्माणाधीन जलविद्युत् आयोजनाको काम तत्काल शुरु गर्न नसक्ने अवस्था रहेको भन्दै कुन विधि र उपायबाट शुरु गर्ने हो भन्ने बारेमा कार्यक्रम र योजनासहित प्रस्तुत गर्न सांसदहरुले माग गरेका थिए ।

हाल निर्माणाधीन माथिल्लो तामाकोसी, त्रिशूली थ्री ए, कुलेखानी तेस्रोलगायतका आयोजना भूकम्पका कारण निर्माण अवरुद्ध भएको छ । ती आयोजनाको ठेकेदार तथा मजदुरसमेत आयोजना स्थलमा गएका छैनन् । समितिको बैठकमा ऊर्जा मन्त्री ज्ञवालीले भूकम्पका कारण अवरुद्ध निर्माणाधीन आयोजनाको निर्माण शुरु गर्न मन्त्रालयका तर्फबाट पहल भइरहेको जानकारी दिइन् ।

उनले भूकम्पबाट क्षतिग्रस्त भएका विद्युत् आयोजना र प्रसारण लाइन पुनःनिर्माणमा ध्यान दिइएको र केही समयभित्रै सबै क्षेत्रमा आवश्यक सेवा प्रदान गरिने बताएकी छिन् । सरकार र निजी क्षेत्र मिलेर ऊर्जा क्षेत्रमा भएको क्षतिको आवश्यक मूल्याङ्कन गरी आवश्यक नीति तथा कार्यक्रम तयार पारिने उनको भनाइ थियो ।

बैठकमा ऊर्जा सचिव राजेन्द्रकिशोर क्षेत्रीले क्षति के कति भयो भन्ने बारेमा प्राविधिकले स्थलगत अवलोकन गरिरहेका कारण क्षतिको पूर्ण तथ्याङ्क आउने क्रममा रहेको जानकारी गराएका थिए । रासस

श्रोतः आर्थिक दैनिक, २०७२/२/२६

# पञ्चेश्वर प्राधिकरणको सीईओमा पूर्व–सहसचिव गुरुङ चयन

पञ्चेश्वर विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सीईओ)सहित दुई जना कार्यकारी निर्देशकको नाम टुंगो लागेको छ । यही जेठ १४ बिहीबारको मन्त्रिपरिषद्ले गरेको निर्णय मंगलबार मात्र ऊर्जा मन्त्रालयमा आइपुगेको छ । मन्त्रिपरिषद्को निर्णय ऊर्जामा आएको कारण केही दिनभित्रमै एक जना सीईओ र दुई जना कार्यकारी निर्देशकले नियुक्ति पाउनेछन् । प्रशासनतर्फको कार्यकारी निर्देशकमा सहमति जुट्न नसकेको कारण सीईओसहित तीन जनालाई मात्र नियुक्ति गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट पत्र आएको हो ।

'सीईओसहित तीन जनाको नाम स्वीकृत भएको पत्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट मंगलबार आयो', ऊर्जा मन्त्रालयका एक अधिकारीले भने, 'प्रशासनतर्फको कार्यकारी निर्देशक नियुक्तिका लागि भने फेरि ऊर्जा मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लैजानुपर्नेछ ।' ऊर्जा मन्त्रालयबाट प्रशासनतर्फको कार्यकारी निर्देशकमा प्रस्ताव गरिएका नारायण सञ्जेलको बारेमा सहमति नभएको कारण तीन जनाको निर्णय भए पनि ऊर्जामा पत्र आएको थिएन । सञ्जेलको सट्टा अर्कै व्यक्तिको नाम प्रस्ताव गर्न ऊर्जा मन्त्रालय सहमत भएपछि तीन जनाको निर्णयको पत्र मंगलबार ऊर्जा मन्त्रालय पुगेको हो । प्रशासनतर्फको कार्यकारी निर्देशक कसलाई नियुक्ति गर्ने भन्नेबारे एक÷दुई दिनभित्रमै ऊर्जा मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने तयारी गरेको छ ।

सीईओमा सुदूरपश्चिमको धनगढी निवासी पूर्व–सहसचिव महेन्द्रबहादुर गुरुङ, वातारणको कार्यकारी निर्देशकमा हाल पञ्चेश्वर आयोजना प्रमुखमा कार्यरत दीलिप सडौला र कानुनको कार्यकारी निर्देशकमा ऊर्जा मन्त्रालयकै सहसचिव रुद्र सिटौला चयन भएका छन् । महाकाली सन्धि भएको १९ वर्षपछि नेपाल र भारतबीच पञ्चेश्वर बहुउद्देश्यीय आयोजना अगाडि बढाउने सहमति गत असोज ७ गते भएको थियो । काठमाडौंमा सम्पन्न पञ्चेश्वर विकास प्राधिकरण (पीडीए)को सञ्चालक समिति (गभर्निङ काउन्सिल)को उक्त बैठकले विधान पारित गर्दै सबै काम अगाडि बढाउने सहमति गरेको थियो । गत साउनमा भएको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको क्रममा पञ्चेश्वर विकास प्राधिकरण गठन गरेको थियो । प्राधिकरणको सञ्चालक समितिले विधान पारित गरेको थियो ।

छ जना डाइरेक्टरमध्ये तीन जना नेपालको र तीन जना भारतको हुने व्यवस्था छ । एउटा सीईओको अवधि तीन वर्षको हुनेछ । तीन वर्षपछि भारतको सीईओ हुनेछ । सीईओ भएको देशले अर्थ प्रमुख भने पाउनेछैन । सीईओ नियुक्त भएपछि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनाउने भन्ने सहमति थियो । अहिले भारतले मात्र काम

गरिरहेको छ । नेपाल र भारतले पञ्चेश्वरको डीपीआर बनाए पनि त्यसलाई अद्यावधिक गरेर एउटै डीपीआर बनाउन छदेखि एक वर्ष लाग्नेछ । डीपीआर फाइनल भएपछि भारतीय प्रधानमन्त्री मोदीले भनेजस्तै गरी आयोजना निर्माणको प्रक्रियामा जानेछ ।

नेपाल र भारतबीच महाकाली नदीको शारदा ब्यारेज, टनकपुर ब्यारेज र पञ्चेश्वर बहुउद्देश्यीय आयोजना सम्बन्धमा २०५२ साल माघ २९ गते महाकाली सन्धि भएको थियो भने २०५३ असोज ४ गते नेपालको संसद्बाट अनुमोदन भए पनि उक्त सन्धिको विरोध भएको कारण पञ्चेश्वरको काम अगाडि बढ्नसकेको थिएन । उक्त आयोजनामा नेपालको ३५ र भारतको ६५ प्रतिशत लगानी रहने छ । मोदीले नेपाल भ्रमणको बेलामा पञ्चेश्वर निर्माणमा सक्रिय भएर लाग्ने बताएको डेढ महिनामै पहिलो बैठकले विधानलाई अन्तिम रुप दिएको थियो । पञ्चेश्वर आयोजना बनेपछि नेपाल र भारत दुबै देशमा करिब तीन÷तीन हजार मेगावाट विद्युत् थप हुनेछ । नेपाल र भारतको संयुक्त जलस्रोत समितिको २०६६ सालमा पोखरामा भएको पाँचौँ बैठकले नै प्राधिकरण गठनको कार्यसूची स्वीकृत गर्ने निर्णय गरेको थियो । नेपालको महेन्द्रनगरमा प्राधिकरणको मुख्यालय रहनेछ ।

उक्त आयोजनाबाट छ हजार चार सय ८० मेगावाट विद्युत् उत्पादन हुनेछ । यो आयोजनाबाट उत्पादित विद्युत्को प्रतियुनिट लागत दुई रुपैयाँ ५५ पैसा मात्र पर्ने छ । तीन सय १५ मिटर अग्लो पञ्चेश्वर उच्च बाँध, रुपालीगाडको रिरेगुलेटिङ बाँधसहित यसको लागत तीन खर्ब ३६ अर्ब रुपैयाँ पर्ने अनुमान गरिएको छ । कुल लागतमध्ये नेपालले एक खर्ब ३० अर्ब रुपैयाँ मात्र लगानी गर्नुपर्नेछ । नेपालले वार्षिक १२ अर्ब १३ करोडका दरले मात्र उक्त लगानी गर्नुपर्नेछ । १० वर्षमा आयोजना पूरा भएमा मात्र उक्त लगानी गर्ने हो । सरकारले आयोजनामा वित्तीय संस्थाबाट ८० प्रतिशतसम्म ऋण लगानी गर्नसक्ने भएकाले नगद भने दुई अर्ब ६० करोड मात्र लगानी गर्दा पुग्नेछ ।

श्रोतः गोरखापत्र, २०७२/२/२६

## पानी सुकेपछि विद्युत् उत्पादनमा त्रियासी प्रतिशतले ह्रास

प्यूठान, जेठ २६ गते । बढ्दो गर्मीसँगै झिमरुक नदीमा पानी सुकेपछि बुटवल पावर कम्पनी ९विपिसी० दारिमचौरको विद्युत् उत्पादनमा ८३ प्रतिशतले ह्रास आएको छ । अहिले १७ प्रतिशत मात्रै विद्युत् उत्पादन हुने गरेको छ । कम्पनीका वितरण शाखा प्रमुख श्याम थापाका अनुसार यसअघि नियमित्त १२ मेगावाट विद्युत् उत्पादन गर्ने गरेको थियो । गर्मीसँगै पानीको बहाव घट्दा अहिले २ मेगावाट मात्रै विद्युत् उत्पादन भइरहेको छ ।

बुटवल पावर कम्पनीले क्षमता अनुसारको बिद्युत उत्पादन गर्न नसक्दा अहिले विद्युत् भार कटौती मुक्त प्यूठान, रोल्पा र अर्घाखाँचीको विद्युत् आपूर्तिमा अनियमितता आएको छ । यी जिल्लाको आपूर्तिअनुसार विद्युत् वितरण गर्नका लागि नौ मेगावाटसम्मको विद्युत् आवश्यक पर्छ ।

“बढी खपत हुने साँझको मुख्य समयमा विद्युत् कटौती गर्नुपर्ने बाध्यता आएको छ” उहाँले भन्नुभयो । बढ्दो गर्मीसँगै झिमरुक नदीको पानी सुक्ने क्रम बर्सेनि बढ्दो छ । अझै केही समय पानी नपरे विद्युत् उत्पादन पूर्णरुपले बन्द गर्नुपर्ने अवस्था आउन सक्ने थापाले बताउनुभयो ।

वातावरणीय पर्यावरणलाई जोगाउन भन्दै कम्पनीले विद्युत् उत्पादनको बाँध क्षेत्रबाट नियमित पानी छोड्नुपर्ने र झिमरुक उपत्यकामा धान रोपाइँको समय सरु हँुदा अधिकांश पानी सोही क्षेत्रमा खपत हुँदा थप समस्या आएको कम्पनीले जनाएको छ । वैशाख दोस्रो सातादेखि जेठको अन्तीम साता वा पानी नपर्दासम्म विद्युत् उत्पादनमा लगातार गिरावट आउने गरेको छ ।

“पानी नभएको समयममा उत्पादन बन्द गरी पानी सङ्कलन गरेर विद्युत् उत्पादन गर्ने गरेका छौँ” कम्पनीका जनसम्पर्क अधिकृत भोजबहादुर बस्नेतले भन्नुभयो । अहिले ४८ हजार युनिट विद्युतलाई तीन जिल्लामा पालैपालो वितरण गर्ने गरिएको छ ।

कक्षा ११ र १२, स्नातक तेस्रो वर्ष तथा लोकसेवा आयोगको परीक्षा तयारी गरिरहेका परीक्षार्थीलाई विद्युत् आपूर्तिमा कटौती हँुदा समस्या भएको छ । विद्युतको आपूर्तिमा समस्या आउँदा सञ्चारका माध्यममा समेत असर पुगेको सामुदायिक रेडियो सञ्जाल प्यूठानका अध्यक्ष सञ्जय रिजालले बताउनुभयो ।

“रेडियो माण्डवीबाहेक अरुको वैकल्पिक ऊर्जा समेत छैन” उहाँले भन्नुभयो । यस्तो समयमा अधिकांश रेडियो बन्द हुने र पत्रपत्रिकाको छपाईसमेत अनियमित हुने गरेको छ । रासस

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/२/२७

# कोसी कोरिडरको ठेक्का शर्त बदल्न ऊर्जा मन्त्रीको दबाब

विकास थापा

## आँधीखोला चिनियाँ कम्पनीलाई दिने तयारी

काठमाडौं : सरकार परिवर्तन हुने निश्चित भएपछि ऊर्जामन्त्री राधा ज्ञवालीले आँधीखोला जलविद्युत आयोजना र कोसी कोरिडरको प्रसारण लाइनको ठेक्का प्रस्ताव पारित गराउन विद्युत प्राधिकरण सञ्चालक समितिको बैठक बोलाउन दबाब दिएकी छिन् ।

मन्त्री ज्ञवालीले आँधी खोला चिनियाँ कम्पनीलाई दिने र कोशी कोरिडरको प्रसारण लाइन ठेक्काको शर्त रातारात परिवर्तन गर्ने दुई प्रस्ताव पारित गराउन बुधबार अपरान्ह ऊर्जा मन्त्रालयमा प्राधिकरण सञ्चालक समिति बैठक बोलाउन कार्यकारी निर्देशक मुकेशराज काप्mलेलाई दबाब दिएकी हुन् ।

प्राधिकरणको रत्नपार्कस्थित केन्द्रीय कार्यालयमा सञ्चालक समितिको बैठक बस्दै आएकोमा आँधीखोला प्रस्ताव पारित गर्न नदिन प्राधिकरणका पाँचवटा युनियनले संयुक्त विरोध गरेपछि मन्त्री ज्ञवालीले मन्त्रालयमै बैठक राखेर आँधीखोला र कोशी कोरिडरको प्रस्ताव पारित गराउन लागेकी हुन् ।

स्रोतका अनुसार कार्यकारी निर्देशक काप्mलेले आँधीखोलासम्बन्धी प्रस्ताव पारित गराउन मन्त्रालयमा बैठक नराख्ने बरु प्राधिकरणमै राख्ने अडान लिएका कारण दुई पक्षबीच अहिले टकराव बढेको हो ।

मन्त्री ज्ञवालीले आज जसरी पनि यी दुई प्रस्ताव पारित गरेरै छाड्ने धम्की दिई आजै मन्त्रालयमै बैठक राख्न कार्यकारी निर्देशक काप्mलेलाई दबाब दिएकी हुन्।

सोही बैठकमा मन्त्री ज्ञवालीले स्थानीय एजेन्टले चाहेको ठेकेदार नियुक्त गर्न कोसी कोरिडर प्रसारण लाइन आयोजनाको ठेक्का सम्झौताका शर्त (क्राइटेरिया) परिवर्तन गर्न सोही बैठकमा प्रस्ताव गरेकी छिन् ।

घाटामा चलेको कम्पनीले पनि ठेक्का नपाउने शर्तलाई बदलेर ठेक्का पाउने बनाउन उनले यस्तो चलखेल गरेकी हुन् । मन्त्री ज्ञवालीले ठेक्का हुने दुई दिनअघि मात्र यस्तो शर्त परिवर्तन गर्न लागेकी हुन् ।

भारतीय एक्जिम बैंकको सहुलियतपूर्ण ऋणमा बन्न लागेको यो आयोजनामा भारतीय परामर्शदाता कम्पनी वाप्कोसले बनाएको टेण्डर डकुमेन्ट विपरीत मन्त्रीले आफुखुसी शर्त राख्न लागेकी हुन् ।

वाप्कोसको डकुमेन्टअनुसार ठेक्कामा सहभागी हुने कम्पनीको कुल सम्पत्ति (नेटवर्थ) ऋणात्मक हुन नहुने र उसको नगद प्रवाह पनि ऋणात्मक हुन हुने शर्त छ । यी दुवैलाई ऋणात्मक भए पनि ठेक्का लिन सक्ने बनाउन यसरी रातारात प्रस्ताव परिवर्तन गर्न लागिएको हो।

ऊर्जा सचिव राजेन्द्रकिशोर क्षेत्रीले कोसी कोरिडरको ठेक्काको क्राइटेरिया परिवर्तन गर्न प्राधिकरणका कार्यकारी

निर्देशक काप्mलेलाई अस्ती सोमबार पत्राचार गरेका छन् ।

सचिव क्षेत्रीले काफ्लेलाई लेखेको पत्रको बोधार्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पनि दिएका छन् । काप्mलेलाई दबाब दिन र भोलि क्राइटेरिया परिवर्तन गरेर अयोग्य कम्पनीले ठेक्का पाए पनि त्यसको कारबाहीबाट बच्न आयोगलाई सहमतिस्वरुप पूर्वजानकारी दिइएको ऊर्जा मन्त्रालय स्रोतले अन्नपूर्णलाई बतायो ।

करिब ११ अर्ब ११ करोड रुपैयाँको यो आयोजनामा स्थानीय एजेन्टले चाहेको कम्पनीलाई ठेक्का दिलाउन रातारात चलखेल भएको हो ।

यो आयोजनामा भारत सरकारले ९ अर्ब र नेपाल सरकारले २ अर्ब रुपैयाँ लगानी गर्दैछन्। संखुवासभाको तुम्लिङटारदेखि सुनसरीको इनरुवासम्म एक सय ७ किलोमिटर यो प्रसारण लाइनको ठेक्कापट्टाका लागि परामर्शदाताले सबै प्रक्रिया अघि बढाइसकेपछि मन्त्रीको स्वार्थमा रोकिएको हो।

यसअघि मन्त्री ज्ञवालीले नै सोलु कोरिडरको प्रसारण लाइनका लागि आर्थिक रुपले अयोग्य भएको ज्यागबार भन्ने कम्पनीलाई दिलाउन निकै कोसिस गरेकी थिइन्।
उसको प्रस्तावलाई परामर्शदाताले फेल गरेपछि मन्त्रीले अहिले 'रिभ्यू कमिटी' मा लगेर ब्यूँताउने प्रयासमा छिन्। यही ज्यागबारले मेची कोरिडरको प्रसारण लाइन बनाउन नसकेर सानिमा माईले उत्पादन गरेको २२ मेगावाटको बिजुली खेर फाल्नु परिरहेको छ।

टाट पल्टेका र पल्टन लागेका कम्पनीहरुलाई शक्ति केन्द्रको दवाबमा ठेक्का दिलाएर अग्रिम भुक्तानी दिलाउने गरिन्छ। भारत सरकारकै ऋणमा सुरु भएको राहुघाटमा पनि यस्तै ऋणात्मक नगद प्रवाह भएको आइभीआरसीएललाई ठेक्का दिलाउँदा प्राधिकरणलाई करोडौं घाटा भइरहेको छ।

आइभीआरसीएलले आयोजना बनाउन नसकेर प्राधिकरणले ठेक्का सम्झौता रद्द गरिसकेको छ। तर तीन वर्षको अवधिमा प्राधिकरणलाई निकै घाटा भइसकेको छ।

श्रोतः नागरिक, २०७२/२/२७

# ऊर्जामा २५ अर्बको क्षति

लक्ष्मण वियोगी

भुइँचालोका कारण ऊर्जा तथा जलविद्युत क्षेत्रमा सबैभन्दा बढी २५ अर्ब रुपैयाँ बराबरका संरचनामा क्षति पुगेको छ। निर्माणाधीन आयोजनादेखि विद्युतगृह, प्रसारण तथा वितरण लाइनलगायत ग्रामीण क्षेत्रमा बनेका लघु–जलविद्युत आयोजना गरी सिंगो ऊर्जा क्षेत्रमा यस्तो नोक्सानी देखिएको हो।

नेपाल विद्युत प्राधिकरणअन्तर्गतको उत्पादन, प्रसारण, वितरण संरचना र निजी विद्युतगृह, निर्माणाधीन आयोजना, लघु–जलविद्युत, सोलार र घरेलु बायोग्यासमा भुइँचालोको प्रत्यक्ष असर परेको ऊर्जा मन्त्रालयले निचोड निकालेको छ।

राष्ट्रिय योजना आयोगले तयार पारिरहेको 'पोस्ट डिजास्टर निड्स एसेस्मेन्ट (पिडिएनए)' का लागि विद्युत क्षेत्रको क्षति तथा पुनर्निर्माणको आँकलन गरिएको हो। यसमा चिलिमेलगायत प्राधिकरणका सहायक कम्पनीको विवरण आउन बाँकी रहेको ऊर्जा सचिव राजेन्द्रकिशोर क्षेत्रीले बताए।

सरोकारवाला निकाय, एसियाली विकास बैंक (एडिबी), जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को सहयोगमा तयार पारेको क्षति विवरण मन्त्रालयले मंगलबार कृषि तथा जलस्रोत समितिलाई समेत जानकारी गराएको थियो। मन्त्रालयले १ अमेरिकी डलर बराबर १ सय रुपैयाँ आधार मानेर क्षति आँकलन गरेको छ।

समग्र ऊर्जा क्षेत्रमा बढी क्षति देखिए पनि प्राधिकरण र निजी क्षेत्रले बनाएका आयोजना र ती संरचनामा भएको क्षति करिब २३ अर्ब रुपैयाँमात्र रहेको 'विद्युत क्षेत्र पिडिएनए' मा उल्लेख छ।

सञ्चालित आयोजनामा भुइँचालोबाट क्षति हुँदा निजी क्षेत्रलाई करिब ३ अर्ब ३० करोड रुपैयाँ प्रत्यक्ष नोक्सानी भएको छ भने विद्युत रोयल्टीबापत सरकारलाई आउने १० लाख रुपैयाँ गुमेको छ।

प्राधिकरण र यस मातहतका निकायमा ११ अर्ब ५० करोड र निजी क्षेत्र (प्राधिकरणका सहायक कम्पनीसमेत) तर्फ ११ अर्ब ६० करोड रुपैयाँ बराबरका संरचनामा क्षति पुगेको छ। प्राधिकरणका सहायक कम्पनीको क्षतिको अनुमान गरे पनि मन्त्रालयले त्यसको विवरण समावेश गरेको छैन।

मन्त्रालयले यसको पुनर्निर्माण गर्न करिब ३१ अर्ब रुपैयाँ लाग्ने आँकलन गरेको छ। यस्तै, राष्ट्रिय प्रसारण लाइनभन्दा बाहिर रहेका लघु–जलविद्युत आयोजना, सोलार र अन्य वैकल्पिक ऊर्जातर्फ करिब ४ अर्ब ४० करोड रुपैयाँ बराबरको क्षति पुगेको अनुमान छ।

स्वतन्त्र ऊर्जा उत्पादक तथा निजी क्षेत्रले भुइँचालोअघि बिजुली बिक्री गरेर ३ अर्ब ४० करोड रुपैयाँ आम्दानी गरेकोमा भुइँचालोपछिको आम्दानी शून्य हुन पुगेको छ। यसबाट सरकारलाई प्राप्त हुने रोयल्टीमात्र ७ करोड ७० लाख रुपैयाँ गुमेको छ।

भुइँचालो जानुअघि प्राधिकरणबाट विद्युत रोयल्टीबापत २१ करोड ६० लाख रुपैयाँ प्राप्त भइरहेकोमा

त्यसपछि जम्मा १८ करोड ७० लाख रुपैयाँ प्राप्त भइरहेको छ। विद्युत सेवाको पहुँचबाट भुइँचालोपछि करिब ६ लाख परिवार प्रभावित भएको मन्त्रालयले जानकारी दिएको छ।

सञ्चालनमा रहेका विद्युतगृह तथा आयोजना बन्द हुँदा ४२ करोड ८० लाख युनिट बिजुली प्राधिकरणले घाटा बेहोरेको छ। उसले ग्राहकलाई बेच्ने प्रतियुनिट ८.१६ रुपैयाँका दरले बिजुलीमात्र करिब साढे ३ अर्ब रुपैयाँको नोक्सान भएको छ।
प्राधिकरणका अनुसार हालसम्म केन्द्रीय प्रसारण लाइनमा जोडिएको र लघु–जलविद्युत गरी ७ सय ७८ मेगावाटमध्ये १ सय १५ मेगावाटका आयोजना पूरै क्षति भएको थियो भने ६० मेगावाटका आयोजनामा आंशिक क्षति पुगेको थियो।

प्राधिकरण र निजी क्षेत्र गरी हजार मेगावाटबराबरका निर्माणाधीन आयोजनामा क्षति पुगेको छ। केन्द्रीय प्रसारण लाइनका (अफ ग्रिड) २ सय ६२ लघु–जलविद्युत आयोजना, १ लाख १५ हजार ४ सय ३८ सोलारमा क्षति पुगेको छ।

भुइँचालोले सञ्चालनमा रहेका १ सय ४४ मेगावाट कालीगण्डकी, ७० मेगावाट मध्यमर्स्याङ्दी र ६९ मेगावाटको मर्स्याङ्दीमा समेत असर पारेको थियो। एकमात्र जलाशय आयोजना कुलेखानीको बाँध चर्केकाले यसको विस्तृत अध्ययन गर्न जापानी प्राविधिक टोली नेपाल आएको छ।

‘जाइकाको सहयोगमा बनेका आयोजना हुन्, यहाँको खास समस्या नेपाली इन्जिनियरले पत्ता लगाउन सकेनन्,' सचिव क्षत्रीले भने, ‘सरकार र प्राधिकरणको आग्रहमा जाइकाले दक्ष प्राविधिक पठाएको छ।' जाइकाको विज्ञ टोली अध्ययनका लागि आयोजनास्थलमा खटिइसकेको उनले बताए।

म्याग्दीमा गएको सुख्खा पहिरोका कारण कालीगण्डकी ‘ए' समेत समस्याग्रत देखिएकाले जर्मनको केएफडब्लु नामक कम्पनीलाई अध्ययन गर्न आग्रह गरिएको छ। प्राधिकरण तथा निजी क्षेत्रका आयोजना तथा संरचनामा भुइँचालोले क्षति पुर्‍याएगए पनि तिनलाई क्षतिपूर्ति दिनेबारे सरकारले केही नसोचेको पनि क्षत्रीले बताए।

केन्द्रीय प्रसाराण लाइनबाट विच्छेद भएको बिजुलीको पूर्ति गर्न डिजेल प्लान्ट सञ्चालन गर्ने वा भारतबाट बिजुली आयात बढाउनुपर्ने विकल्प रहेको पिडिएनएमा मन्त्रालयले सुझाव दिएको छ। आउँदो हिउँदमा बिजुलीको उच्च माग हुने र आपूर्ति न्युन हुने हुँदा वैकल्पिक व्यवस्था गर्नुको विकल्प नरहेको ऊर्जा मन्त्री राधा ज्ञवालीले बताइन्।

अल्पकालीन लोडसेडिङ समस्या समाधान गर्न प्रसारण लाइनले धान्नेसम्म भारतबाट आयात गर्ने, थर्मल प्लान्ट र सोलार प्लान्ट सञ्चालन गर्ने सकिने मन्त्रालयले तयार पारेको पिडिएनउमा उल्लेख छ।

मध्यकालीन योजनामा निर्माणाधीन आयोजना र प्रसाराण लाइन निर्माण सुचारु गर्ने र नेपाल–भारत अन्तरदेशीय प्रसारण लाइनको निर्माण पूरा गर्ने उल्लेख छ। यस्तै, दीर्घकालीन योजनाअन्तर्गत नयाँ आयोजनाको निर्माण र भुइँचालोबाट ध्वस्त भएका आयोजनाको पुननिर्माण गर्न तीन उपाय सुझाइएको छ। विद्यमान प्रणाली तत्काल पुनर्निर्माण गर्न २ अर्ब रुपैयाँ आवश्यक पर्ने पिडिएनएमा उल्लेख छ।

श्रोतः अभियान, २०७२/२/२७

# तामाकोशीको बाँध भूकम्पअघि नै भासिएको रहस्य खुल्यो

रवीन्द्र गौतम

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको बाँध भूकम्प अघि नै भासिएको रहस्य खुल्न आएको छ । राष्ट्रिय गौरवको ४ सय ५६ मेगावाट क्षमताको आयोजनाको बाँध भूकम्प जानु ५ महीना अघि मंसिरमा नै ४ इन्च भासिएको होे ।

आयोजना व्यवस्थापनले आफ्नो लापरवाही लुकाउन आयोजनाको बाँध गत बैशाख १२ र १३ को भूकम्पले १७ इन्च भासिएको प्रतिवेदन सरकारलाई बुझाएको छ । आयोजना प्रमुख, बाँधस्थल प्राविधिक, परामर्शदाताका प्राविधिक लगायत अन्य प्राविधिकहरु राजधानीमा बसेर फाट्टफुट्ट सतही अनुगमन गर्दा ४ सय ५६ मेगावाट क्षमताको आयोजनाको बाँध भासिएको बताईएको छ । पश्चिमपट्टीको ६ ओटा गेट राख्ने बाँध भासिँदा डेढ इन्चको छिद्र बनेको छ भने गेट राख्ने चौकोस बाँगिएर हाइड्रोमेकानिकल ठेकेदारलाई समेत काम गर्न समस्या परेको थियो ।

बाँधका इन्चार्ज लगायतका ५ कर्मचारीको जागिर जोगाउन आयोजना व्यवस्थापनले सो तथ्य लुकाएको बुझिएको छ । आयोजनाको मुख्य ठेकेदार सिनो हाइड्रोमार्फत भासिएको बाँधमा ‘ट्रिटमेन्ट’ गराउन परामर्शदाताले ‘डिटेल इष्टिमेट’ समेत गरिसकेको थियो । खोलामा बालुवाको मात्रा अत्यधिक रहेकोमा जग नखनिकन ‘ग्राउण्डिङ’ प्रविधिबाट बाँधको निर्माण गरिएकोले भासिएको हुन सक्ने केही कर्मचारीको अनुमान रहेको छ ।

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले बैशाखको भुकम्प अघि बाँध केही भासिएको स्वीकार गरेका छन् । उनले २०७१ पुस ४ गते गएको भुकम्पले बाँध भासिएको दावी गरेका छन् । ६० मिटर लम्बाई र २२ मिटर चौडाईको बाँध खोला फर्काएर दुई चरणमा निर्माण गरिएको थियो । बाँधको काम करीब ८२ प्रतिशत सम्पन्न भएको आयोजनाले बताएको छ । समग्र आयोजनाको काम मासिक भुक्तानीको आधारमा करीब ७३ प्रतिशत सम्पन्न भएको थियो भने रू. २३ अर्ब भुक्तानी समेत भैसकेको छ । बैशाखको विनाशकारी भूकम्पको क्षतिको विवरण आउन बाँकी रहे पनि सुरुङहरुमा भने क्षति नभएको आयोजनाले जनाएको छ ।

भूकम्पका कारण कर्मचारी, कामदार लगायतको मनोबल गिरेको अवस्था र आयोजनाको पावर हाउसदेखि बाँधस्थल पुग्ने बाटो सञ्चालनमा ल्याउन लामो समय लाग्ने भएको कारण आयोजनाले विद्युत् उत्पादन गर्ने मिति भने अनिश्चित भएको छ ।

श्रोतः राजधानि दैनिक, २०७२/२/२७

# निजी जलविद्युत् क्षेत्रमा १९ अर्बको क्षति

## जोखिम न्यूनीकरणका सबै उपाय अवलम्बन गर्न निर्देशन

१२ वैशाखको भूकम्पका कारणले जलविद्युत् क्षेत्रमा मात्र १९ अर्ब रुपैयाँको क्षति भएको ऊर्जा मन्त्रालयले जनाएको छ ।तामाकोसी तथा चिलिमे र सहायक कम्पनीको क्षतिबारे यकिन विवरण नआएको बताउँदै ऊर्जा मन्त्रालयले यीबाहेक ऊर्जा क्षेत्रमा १८ अर्ब ७५ करोड रुपैयाँ क्षति भएको जनाएको हो । कृषि तथा जलस्रोत समितिको भूकम्पबाट जलविद्युत् क्षेत्रमा भएको क्षतिबारेको मंगलबारको छलफलमा ऊर्जा सचिव राजेन्द्रकिशोर क्षत्रीले प्राधिकरणको ११ अर्ब ५० करोड तथा निजी क्षेत्रको ७ अर्ब २५ करोड रुपैयाँ क्षति भएको जानकारी दिए । उनका अनुसार भूकम्पबाट प्राधिकरणलाई ११ अर्ब ६६ करोड तथा निजी क्षेत्रका लागि ५ अर्ब २५ करोड रुपैयाँबराबरको राजस्व क्षति हुने अनुमान छ ।

बैठकमा बोल्दै ऊर्जामन्त्री राधा ज्ञवालीले भूकम्पका कारण देखाउँदै राष्ट्रिय योजना आयोगले बजेट कटौती गर्न लागेको भन्दै कटौती गरेमा ऊर्जा क्षेत्र थप संकटमा पर्ने बताइन् । ‘जलविद्युत् क्षेत्रमा धेरै क्षति भएको छ, यसको पुनर्निर्माण गरेर विद्युत् सेवा सञ्चालन गर्नु आवश्यक छ,’ उनले भने,

‘बजेट कटौती गर्दा ऊर्जा संकट हटाउनका लागि समस्या पर्छ ।’

मन्त्री ज्ञवालीले भूकम्पको कारण निजी क्षेत्रका जलविद्युत्मा भएको क्षतिका लागि राहत दिनका लागि मन्त्रालयले नीतिगत निर्णय गर्ने जानकारी दिइन् । भूकम्पले जोखिमयुक्त देशमा पनि जलविद्युत् आयोजना र बाँध बनिरहेको उल्लेख गर्दै उनले प्राकृतिक प्रकोप आउँदा न्यून क्षति हुने गरी आयोजना बनाउनका लागि पहल गर्नुपर्ने बताइन् ।

ऊर्जा सचिव क्षेत्रीले भने राष्ट्रिय योजना आयोगले विद्युत् विकास विभागसँग मिलेर भूकम्पबाट जलविद्युत् आयोजनामा हुने जोखिमबारे अध्ययन गर्न लागेको जानकारी दिए । उनले नेपाल विद्युत् प्राधिकरणलाई समावेश नगरी राष्ट्रिय ग्रिड कम्पनी स्थापना गर्न लागिएको तथा आउँदो साताभित्र विद्युत्को विधेयक अन्तिम मस्यौदा तयार भइसक्ने जानकारी दिए । उनले निजी क्षेत्रलाई भूकम्पबाट भएको क्षतिको आधारमा रोयल्टी मिनाहा, उत्पादन मितिको म्याद थप, भन्सार, भ्याट छुटलगायत राहत दिनका लागि आयोग समक्ष प्रस्ताव गरेको जानकारी दिए ।

समितिका प्राधिकरणका उपकार्यकारी निर्देशक रामचन्द्र पाण्डेले विद्युत् प्राधिकरणको ग्राहक तथा वितरण निर्देशनालयतर्फ भएको क्षतिबारे जानकारी दिएका थिए ।

समिति बैठकले जलविद्युत्सँग सम्बन्धित सबै निकायलाई समन्वय गर्दै क्षतिको विवरण स्पष्ट, व्यवस्थित र यथार्थपरक रूपमा तयार गर्ने र त्यसको समाधानका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन नीति र कार्ययोजना तयार गर्न निर्देशन दिएको छ ।

सभापति गगन थापाले भूकम्पले पु¥याएको क्षतिको विस्तृत र व्यवस्थित अध्ययन गरी त्यसको विवरण तयार गर्न र क्षतिलाई सम्बोधन गर्न अविलम्ब आवश्यक कार्ययोजना प्रस्तुत गर्न मन्त्रालयलाई निर्देशन दिएको जानकारी दिए ।

त्यसैगरी बैठकले चालु आर्थिक वर्षको नीतिगत, क्षेत्रगत एवं संरचनागत सुधारलगायतका निर्धारित काम गर्न, जलविद्युत् आयोजना निर्माणको क्रममा जोखिम न्यूनीकरणका सबै उपायहरू अम्बलन गर्न र विपद् परी आएमा व्यवस्थापनका लागि पूर्वतयारी गर्न निर्देशन दिएको छ ।

बैठकले भूकम्पपछिको संवेदनशीलतालाई बुझी पुनर्निर्माणका काम अगाडि बढाउन, परियोजना सञ्चालनका लागि पहुँच मार्ग सञ्चालन हुने अवस्थाको सिर्जना गर्न, भूकम्पपश्चात् क्षति पुगेका समुदायमा विद्युत् वितरणलाई सहज बनाउन आवश्यक जनशक्तिको व्यवस्था गर्न र निजी क्षेत्रलाई प्रोत्साहित गर्न, क्षतिग्रस्त ठाउँमा पुनःस्थापनाका आवश्यक सहुलियत र राहतको व्यवस्था गर्नका लागि यस क्षेत्रलाई उच्च प्राथमिकतामा राख्न आवश्यक पहल गर्न व्यवस्थापिका–संसद् राष्ट्रिय विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समितिमार्फत् सरकारको ध्यानाकर्षण गराउन लेखी पठाउने निर्णय पनि गरेको छ ।

# ऊर्जामन्त्रीद्वारा सम्झौताको बचाउ

काठमाडौं÷रास— ऊर्जामन्त्री राधा ज्ञवालीले १ सय ८० मेगावाटको आँधीखोला जलाशययुक्त आयोजना अध्ययनका लागि एक चिनियाँ कम्पनीसँग गर्न लागेको सम्झौताको बचाउ गरेकी छिन् ।

विवाद र विरोधका बिच नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिको तिनओटा बैठकबाट सो आयोजनाको अध्ययनका लागि ८५ प्रतिशत सेयर सो कम्पनीलाई दिने निर्णय पारित गर्न सक्रिय भएर असफल भएकी मन्त्री ज्ञवालीले मंगलबार भएको संसद्को कृषि तथा जलस्रोत समितिमा सम्झौता असल नियतले गर्न लागेको भन्दै बचाउ गरेकी हुन् ।

सोमबार प्राधिकरणको बोर्ड बैठकमा सो एजेन्डा भए पनि प्राधिकरणका पाँच कर्मचारी युनियनले कार्यकारी निर्देशकको कार्यकक्षमा धर्ना दिएपछि सो निर्णय हुन सकेन । यसअघिका दुई पटकमा समेत सो एजेन्डा राखे पनि कर्मचारीहरूकै विरोधको कारण हुन सकेको थिएन ।

सभासद्हरूले आँधीखोलाबारे प्रश्न उठाएपछि मन्त्री ज्ञवालीले आयोजनाबाट कालीगण्डकीमा कुनै असर नपर्ने तथा आँधीखोला बनाउन नदिने कार्यलाई प्राधिकरणमा आयोजना बनाउन नदिने पक्षको हाबी भएको चित्रण गरिन् । 'आँधीखोला रोक्नु भनेको प्राधिकरणलाई कमजोर बनाउनु हो, आयोजना बनाउन नदिने पक्ष हाबी भएको छ,' उनले भनिन् ।

श्रोतः राजधानि दैनिक, २०७२/२/२७

# पञ्चेश्वरको सीईओ छानियो

काठमाडौं÷रास– बहुचर्चित पञ्चेश्वर विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा महेन्द्र गुरुङलाई नियुक्ति गरिएको छ । ऊर्जा मन्त्रालया प्रस्तावमा मन्त्री परिषद्ले गुरुङलाई पञ्चेश्वर विकास प्राधिकरणको सीईओ नियुक्ति गरिएको मन्त्रालयका सह–प्रवक्ता गोकर्णराज पन्थले जानकारी दिए । प्राधिकरणको सीईओ पहिलो तिन वर्षका लागि नेपालले पाउने व्यवस्था भएकामा ६ महिना ढिलो गरी बल्ल सीईओ नियुक्ति भएको हो । गुरुङ नेपाल इन्जिनियर्स एसोसियसनका पूर्वअध्यक्ष तथा सिँचाइ विभाग र विद्युत् विकास विभागका पूर्वमहानिर्देशक हुन् ।

त्यसैगरी, प्राधिकरणको कार्यकारी निर्देशकहरूमा कानुनतर्फ रुद्रप्रसाद सिटौला र वातावरणतर्फ दीलिपकुमार सडौलालाई नियुक्ति गर्ने निर्णय गरेको पन्थले जानकारी दिए । मन्त्रीले प्रशासनतर्फको कार्यकारी निर्देशकका लागि पूर्वसह–सचिव नवराज सन्जेलको नाम प्रस्ताव गरे पनि सो भने अस्वीकृत भएको ऊर्जा मन्त्रालय स्रोतले जनाएको छ ।

विद्युत् विकास विभाग र ऊर्जा मन्त्रालयभित्रकै वहालवालालाई पञ्चेश्वरका साथै बुढीगण्डकी, नलसिंह जलाशययुक्त जलविद्युत् कार्यकारी पदमा नियुक्ति गर्नुपर्ने माग भए पनि मन्त्रीले बाहिर मान्छे ल्याउन खोजेको भन्दै विवाद भएको थियो भने मन्त्री परिषद्मा लगेको प्रस्ताव पनि तिन पटक फिर्ता भएको थियो । ५८ वर्ष पुगेर अवकास पाएका तथा नेपाल र भारतबिचको जलस्रोतबारे कम जानकार व्यक्तिहरूलाई नराख्न मन्त्रालयभित्रबाटै दबाब परेको थियो । नलसिंह गाढको कार्यकारी निर्देशकमा कांग्रेस निकटलाई ल्याउन सहमतिसँगै एमाले निकट गुरुङ पञ्चेश्वर विकास प्राधिकरणको सीईओ बनेको मन्त्रालय स्रोतले जनाएको छ ।

नेपाल र भारतबिचमा पानी बाँडफाँट र विद्युत्को विषय बढी विवादितसँगै संवेदनशील भएकाले जानकार व्यक्तिलाई नियुक्ति गर्नुपर्ने माग हुँदै आएको थियो । नेपाल र भारतबिचको जलस्रोतसम्बन्धी संयुक्त समिति (जेसीडब्लूआर) का बैठकहरूमा पटक–पटक सहभागी भएर यसबारे जानकार व्यक्तिहरू भएमा सहज हुने मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

भारतीय पक्षले चारजना कार्यकारी निर्देशक नियुक्ति गर्नुपर्ने व्यवस्था रहेकामा दुईजना गरिसकेको छ । भारतीय परामर्शदाता वाकपोसले पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन

(डीपीआर) मंसिरदेखि नै अध्यावधिक कार्य सुरु गरिसके पनि त्यसको सुपरीवेक्षणका लागि अत्यावश्यक सीईओ नेपालले नियुक्ति गर्न नसक्दा सुपरीवेक्षण हुन सकेको थिएन ।

गत ६ असोजमा नेपाल र भारतबीच भएको प्राधिकण गभर्नेन्स काउन्सिलको पहिलो बैठकले नयाँ विद्यान पारित गर्दै कार्यकारिणी समितिमा नेपालको पहिलो प्रमुख कार्यकारी अधिकृत राख्ने व्यवस्था गरेको थियो ।

२०५२ साल माघमा नेपाल र भारतबीच महाकाली सन्धिको क्रममा ६ महिनाभित्रै डीपीआर टुंगो लगाउने उल्लेख भए पनि १९ वर्षपछि गत साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा कार्यादेश (टीओआर) पारित भएको थियो । ६४ सय ८० मेगावाट विद्युत् उत्पादन गरिने लक्ष्य राखिएकामा नेपालले आधा अर्थात् ३२ सय ४० मेगावाट विद्युत् पाउनेछ ।

श्रोतः नयाँ पत्रिका, २०७२/२/२७

## विद्युत् क्षेत्रको पुनर्निर्माण अगाडि बढाउन निर्देशन

संसद्को कृषि तथा जलस्रोत समितिले भूकम्पले क्षति पुगेका विद्युत् क्षेत्रका संरचनाको पुनर्निर्माण अगाडि बढाउन सरकारलाई निर्देशन दिएको छ । समितिको मंगलबारको बैठकले पुनर्निर्माणका काम अगाडि बढाउन, आयोजना सञ्चालनका लागि पहुँच मार्ग सुचारु हुने अवस्था सिर्जना गर्न निर्देशन दिएको हो ।

समितिले विद्युत् क्षेत्रमा भएको क्षति र पुनर्निर्माणबारे ऊर्जामन्त्री राधाकुमारी ज्ञवाली, सचिव राजेन्द्रकिशोर क्षेत्री, विद्युत् प्राधिकरणका अधिकारी र निजी क्षेत्रका जलविद्युत् प्रवद्र्धकसँग छलफल गरेको थियो ।

समितिका सभापति गगन थापाले जलविद्युत् क्षेत्रमा भएको क्षतिलाई तत्कालै सम्बोधन गरी समयमा विद्युत् आपूर्ति हुन सकेन भने यसले मुलुकमा गम्भीर प्रभाव पार्ने बताए । 'क्षतिलाई तत्कालै सम्बोधन गरिएन भने यसले जनजीवनलाई त प्रभावित पार्छ नै, देशको राजस्व र अन्य क्षेत्रमा समेत गम्भीर प्रभाव पार्ने निश्चित छ,' सभापति थापाले भने, 'यस्तो संवेदनशीलतालाई बुझी पुनर्निर्माणका काम अगाडि बढाउन निर्देशन दिएका छौँ ।'

उनले भूकम्पपश्चात् क्षति पुगेका समुदायमा विद्युत् वितरणलाई सहज बनाउन आवश्यक जनशक्तिको व्यवस्था गर्न र निजी क्षेत्रलाई प्रोत्साहित गर्न सरकारको ध्यानाकर्षण गराइएको बताए । समितिले सभामुखको अध्यक्षतामा रहेको राष्ट्रिय विपत् व्यवस्थापन, अनुगमन तथा निर्देशन विशेष समितिमार्फत सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको हो । जलस्रोत समितिले क्षतिग्रस्त ठाउँका पुनस्र्थापनामा आवश्यक सहुलियत र राहतको व्यवस्था गर्न विद्युत् क्षेत्रलाई उच्च प्राथमिकतामा राख्न पनि निर्देशन दिएको छ ।

'भूकम्पले पुर्‍याएको क्षतिको विस्तृत र व्यवस्थित अध्ययन गरी विवरण तयार गर्न र क्षतिलाई सम्बोधन हुने गरी अविलम्ब आवश्यक कार्ययोजना प्रस्तुत गर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिएका छौँ,' सभापति थापाले भने ।

उनले भूकम्पबाट सिर्जित विपत्को व्यवस्थापन सँगसँगै मन्त्रालयले यस आवमा सम्पन्न गर्नुपर्ने नीतिगत, क्षेत्रगत एवं संरचनागत सुधार समयमा नै गर्न निर्देशन दिएको छ । 'जलविद्युत् आयोजना निर्माणको क्रममा जोखिम न्यूनीकरणका हरसम्भव र आवश्यक उपाय अवलम्बन गर्न र विपत्् परी आएमा व्यवस्थापनका लागि पूर्वतयारीको अवस्थामा रहन ऊर्जा मन्त्रालयलाई निर्देशन दिने' समितिको निर्णयमा उल्लेख छ ।

बैठकमा ऊर्जामन्त्री ज्ञवालीले भूकम्पले गर्दा उत्पन्न भएको काबुबाहिरको परिस्थितिलाई सम्बोधन गर्न सरकार तयार रहेको बताइन् ।

श्रोतः नयाँ पत्रिका, २०७२/२/२७

# अपर तामाकोसीको सेयर बाँडफाँटमा कानुनी जटिलता

**लगानीकर्ताको १७ अर्ब त्यत्तिकै थन्कियो**

- **छिटै अनुमति दिन्छौं : सेबोन**

**अनुमति पाएको ३ दिनभित्र बाँडफाँट गर्छौं : कोष**

स्पष्ट कानुन नहुँदा अपर तामाकोसीको सेयर बाँडफाँटमा ढिलाइ भएको छ । दुई समूह ऋण दिने संस्थाका कर्मचारी र स्थानीयवासीका लागि एकैपटक सेयर बाँडफाँट नहुँदा कानुनी जटिलता आएको हो ।

विद्यमान दर्ता तथा निष्कासन नियमावलीमा विवरणपत्रमा उल्लेख भएका सबै समूहको सेयर एकैपटक वितरण गर्नुपर्ने व्यवस्था छ । तर, अपर तामाकोसीले एउटै विवरणपत्रमार्फत स्थानीयवासी र ऋण दिने संस्थाका कर्मचारीलाई सेयर निष्कासन गर्ने निर्णय गरेको थियो ।

सोहीअनुरूप एउटै विवरणपत्र प्रकाशित गरिएको थियो । विवरणपत्रअनुसार कर्मचारीका लागि सेयर खुला गरिएको छ । तर, विवादका कारण स्थानीयवासीका लागि सेयर निष्कासन भएन । यसरी एउटै विवरणपत्रमार्फत सेयर खोल्ने निर्णय भएकामध्ये एक समूहको खुला भएको र अर्को समूहको नभएकाले बाँडफाँट अनुमति दिँदा कानुनी समस्या देखिएको हो । विद्यमान कानुनले उक्त अवस्था नसमेटेपछि नेपाल धितोपत्र बोर्ड (सेबोन) थप कानुनी परामर्शमा लागेको छ ।

स्थानीयवासीको विवाद अझै नटुंगिएपछि नागरिक लगानी कोषले कर्मचारीको भागको सेयर बाँडफाँट गर्ने तयारी गरी स्वीकृतिका लागि बोर्डमा आवेदन दिएको छ । करिब २ साताअघि पेस गरिएको आवेदनमा अहिले कर्मचारीका लागि सेयर बाँडफाँट गरिने र पछि पुन: विवरणपत्र सार्वजनिक गरी स्थानीयवासीका लागि सेयर खुला गरिने उल्लेख छ ।

कोषको आवेदनउपर सेबोनले छलफल अघि बढाएको छ । उक्त विषय अघिल्लो साता बसेको बोर्ड सञ्चालक समितिको बैठकमा राखिएको थियो । बैठकले उक्त विषयमा विज्ञको कानुनी परामर्श लिने निर्णयका आधारमा सेबोनले तीनजना विज्ञसँग परामर्श लिइसकेको छ । 'विज्ञको सुझाब सकारात्मक छ,' स्रोतले भन्यो । विज्ञको परामर्शसहित उक्त आवेदन पुन: बोर्डको बैठकमा पेस गरिनेछ । सम्भवत: यही साता बोर्ड बैठक बस्दै छ । बैठकबाट स्वीकृत भएपछि वितरणका लागि निर्देशन दिइने स्रोतले बताएको छ ।

सेयर बाँडफाँटका लागि आवश्यक सबै प्रक्रिया पूरा भएको बिक्री प्रबन्धक नागरिक लगानी कोषका कार्यकारी निर्देशक रामकृष्ण पोखरेलले बताए । 'धितोपत्र बोर्डबाट अनुमति पाएको ३ दिनभित्र सेयर बाँडफाँट गर्छौं,' उनले भने, 'सेयर वितरण भएको पाँच दिनभित्र बाँकी पैसा फिर्ता गर्छौं ।'

आफूहरूले निर्धारित समयमा बाँडफाँट गर्न चाहे पनि बोर्डबाट अनुमति नपाएकाले बाँड्न नसकिएको पोखरेलले बताए । बाँडफाँटमा ढिलाइ हुँदा लगानीकर्तालाई मर्का परेको भन्दै उनले भने, 'हामीले चाहेर ढिला गरेका छैनौं, लगानीकर्ताको मर्काप्रति हामी संवेदनशील छौं ।'

तामाकोसीको सेयर बाँडफाँट स्वीकृतिका लागि आवेदन आएको र त्यो छलफलको अन्तिम चरणमा रहेको बोर्डका प्रवक्ता निरज गिरीले बताए । यो कम्पनीको सेयर बाँडफाँट सम्बन्धमा केही कानुनी समस्या देखिएकाले विज्ञहरूसँग परामर्श लिएको उनले जानकारी दिए । 'आवश्यक परामर्श लिइसकेका छौँ, अब छिट्टै अन्तिम निर्णय गर्छौं,' उनले भने ।
अपर तामाकोसीले स्थानीयवासी (दोलखावासी) लाई १० प्रतिशत र आयोजनामा लगानी गर्ने संस्थाका कर्मचारीलाई २४ प्रतिशत गरी ३४ प्रतिशत साधारण सेयर निष्कासन गरेको थियो । माघमा विवरणपत्र सार्वजनिक गरेको कम्पनीले ११ फागुनदेखि १५ चैतसम्म आवेदन संकलन गरेको थियो । विवादका कारण स्थानीयवासीका लागि सेयर बाँडफाँट हुन सकेन । सेयर निष्कासन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोषले एक सातापछि सर्वसाधारणका लागि आवेदन खोलिने भन्दै कर्मचारीका लागि आवेदन बिक्री खुला गरेको थियो । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, राष्ट्रिय बिमा संस्थान, नेपाल विद्युत् प्राधिकरण र दूरसञ्चार कम्पनीका कर्मचारीबाट करिब २ लाख १० हजार आवेदन परेका छन् ।

**लगानीकर्ता मर्कामा**

निर्धारित मितिमा अपर तामाकोसीको सेयर बाँडफाँट नहुँदा लगानीकर्ता मर्कामा परेका छन् । आवेदन संकलन बन्द भएको २ महिना भइसक्दा पनि सेयर बाँडफाँट नहुँदा उनीहरू मर्कामा परेका हुन् । कम्पनीको सेयरका लागि करिब साढे १९ अर्ब रुपैयाँबराबरको सेयर आवेदन परेको नागरिक लगानी कोषले जनाएको छ । यो मागभन्दा ८ गुणा बढी हो । त्यसमध्ये करिब २ अर्ब ५५ करोड रुपैयाँको (२ करोड ५५ लाख कित्ता) सेयर मात्र कर्मचारीहरूलाई वितरण गरिनेछ ।
सेयर वितरण नहुँदा लगानीकर्ताका करिब १७ अर्ब रुपैयाँ त्यतिकै थन्किएको छ । उक्त रकम लगानीकर्ताले उपयोग गर्न पाएका छैनन् । अपर तामाकोसीको सेयरमा सर्वसाधारणले लगानी गर्न नपाए पनि घुमाउरो पाराले अधिकांश लगानी उनीहरूकै छ । निर्धारित समयभित्र सेयर बाँडफाँट नहुँदा आफूहरूलाई मर्का परेको एक लगानीकर्ताले बताए । धितोपत्र दर्ता तथा निष्कासन नियमावलीमा २ महिनाभित्र सेयर बाँडफाँट गरिसक्नुपर्ने स्पष्ट व्यवस्था छ । तर, निर्धारित समयमा सेयर बाँडफाँट नहुँदा थप अन्योल सिर्जना भएको ती लगानीकर्ताले बताए ।

श्रोतः राजधानि दैनिक, २०७२/२/२८

# भैरहवामा १ सय ३२ केभीए लाइन थप्न व्यवसायीको माग

श्यामशंकर पाण्डे

आधुनिक, पर्यटकीय तथा औद्योगिक सहरका रूपमा विकसित हँुदै गइरहेको भैरहवा क्षेत्रका व्यवसायीले हालको विद्युत् क्षमता अपुग भएको भन्दै यसको क्षमता वृद्धि गर्न माग गरेका छन् ।

हाल भैरहवा क्षेत्रमा ३३ केभीए वितरण लाइनबाट विद्युत् सञ्चालन भएकोमा १३२ केभीएको वितरण लाइन बनाउन माग गरेका हुन् । विद्युत् अपुग हुँदा अनियमित, विद्युत् कटौती, कम भोल्टेजमा विद्युत् आपूर्ति हुँदै आएको छ ।

आगामी दिनमा भैरहवामा अन्तर्राष्ट्रिय बिमानस्थल निर्माण, विशेष आर्थिक क्षेत्र सञ्चालन तथा औद्योगिक करिडोर बढेपछि यो समस्या झनै बढ्ने भन्दै उद्योगी व्यवसायीले १ सय ३२ केभीए प्रसारण लाइन स्थापनको माग गरेका हुन् ।

'यस क्षेत्रको पर्यटन एवं आर्थिक विकासको सम्भावनालाई मध्यनजर गर्दै बुटवल योगिकुटीदेखि भैरहवासम्म १३२ केभीए क्षमताको विद्युत् ट्रान्समिसन लाइन परियोजनाको अहिले नै सञ्चालन गर्नुपर्ने देखिएको छ,' सिद्धार्थ नगर उद्योग वाणिज्य संघ भैरहवाका अध्यक्ष रामकुमार सर्माले भने ।

उनका अनुसार, लुम्बिनी शान्ति सहरको परिकल्पना, अन्तर्राष्ट्रिय बिमान स्थलको निमार्णकार्य प्रारम्भ, भैरहवा बुटवल छ लेनको विस्तारित सडक, भारत तथा चीनबिचको व्यापारिक ट्रान्जिट सहरका रूपमा विकासको सम्भावना, लुम्बिनी कोरिडोरको विकसित रूप, बढ्दो औद्योगीकारण तथा विशेष आर्थिक क्षेत्र सञ्चालन, भैरहवा–परासी औद्योगिक कोरिडोरको उँदाउँदो भविष्यका कारण आउँदो १० वर्षमा नेपालको प्रमुख आर्थिक केन्द्र बन्ने निश्चितता भएकाले वितरण प्रणालीमा वृद्धि गर्नुपर्ने उनीको माग छ ।

अहिले ३३ केभीए विद्युत् लाइन भैरहवामा ५ ओटा फिडरमार्फत १ सय मेघावाट विद्युत् वितरण भइरहेको छ । निमार्णाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य सम्पन्न गर्न करिब ५ मेगावाट विद्युत् आवश्यक पर्छ । विमान स्थल पूर्ण सञ्चालनका आएपछि यस क्षेत्रमा पर्यटन व्यवसायसँग

सम्बन्धित विभिन्न उद्योग तथा व्यवसायको द्रुत विकास र विस्तारको क्रमलाई कायम राख्न आवश्यक थप विद्युत् आपूर्तिको माग रहने छ ।

संघका उपाध्यक्ष कुलप्रसाद न्यौपानेका अनुसार विद्यमान समयमा ३३ केभीएको ोे लाइमा भएको ओभरलोडको समस्याले गर्दा यस क्षेत्रमा सञ्चालित राष्ट्रियस्तरका ठुला उद्योगले न्यून भोल्टेज, ट्रिपिङजस्ता समस्या झेल्नुपरिरहेको छ । जिल्लाको बगाह गाविसको ५२ बिघा क्षेत्रफलमा स्थापना भएको नेपलकै पहिलो विशेष आर्थिक क्षेत्रको लागि छुट्टै करिव ३० मेगावाट विद्युत्को लाइन आवश्यक पर्छ ।

नेपालकै प्रमुख पर्यटकीय अकार्षणको केन्द्र लुम्बिनीको प्रवेशद्वार भएको कारणले पर्यटकको सेवा सुविधाको लागि ठुलाठुला होटल तथा अन्य पूर्वाधार निमार्णको लागि चाहिने आवश्यक विद्युत्को आपूर्ति भएपश्चात् यस क्षेत्रका पर्यटको बसाइ लम्बिने र लुम्बिनीको पर्यटकीय विकासमा थप योगदान पुग्ने उपाध्यक्ष न्यौपाने बताउँछन् ।

यसबाहेक लुम्बिनीलाई लोडसेडिङ मुक्त गरी पर्यटक आकर्षित गर्न पनि थप विद्युत्को आवश्यकता रहेको र अहिलेकै प्रसारण लाइनले यो मागलाई धान्न नसकने भएकाले १ सय ३२ केभीए लाइन तत्काल आफूहरूले माग गरेको नेपाल उद्योग वाणिज्य सघंका केन्द्रीय सदस्य महेन्द्रकुमार श्रेष्ठले बताए ।

संघले यसबारे हालै विद्युत् विभाग, उद्योग, अर्थ, विद्युत, पर्यटन मन्त्रीसँग डेलिगेसनसमेत गएको थियो । यसबारे विभागीय तथा अन्य मन्त्री सकारात्मक रहेको र आफूहरूले आगामी बजेटमा यसलाई समावेश गरी काम थाल्न आग्रह गरेको संघका सदस्य दीपक पौडेलले जानकारी दिए ।

श्रोतः नयाँ पत्रिका, २०७२/२/२८

## प्राधिकरणको सहभागिताविना प्रसारण ग्रिड कम्पनी

ऊर्जा मन्त्रालयले विद्युत् प्राधिकरणको सहभागिताविना राष्ट्रिय प्रसारण ग्रिड कम्पनी स्थापनाको प्रक्रिया अगाडि बढाएको छ । प्राधिकरणमा क्रियाशील ट्रेड युनियनले सरोकारवालासँग पर्याप्त छलफल नै नगरी कम्पनी स्थापना गर्न लागिएको भन्दै विरोध गर्दै आएका छन् ।

ट्रेड युनियनले विरोध गरेपछि मन्त्रालयले प्राधिकरणको सहभागिताविना कम्पनी स्थापना प्रक्रिया अगाडि बढाउन लागेको हो । ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले प्राधिकरणको प्रतिनिधित्व सम्भव नदेखिएपछि तत्कालका लागि कम्पनीमा विभिन्न मन्त्रालयको सेयर र प्रतिनिधित्व रहने गरी कम्पनी स्थापना गर्न लागिएको बताइन् । 'प्राधिकरणबाट सम्भव नदेखिएपछि मन्त्रालयबाटै कम्पनी स्थापना गर्न लागेका छौँ,' मन्त्री ज्ञवालीले भनिन् ।

ट्रेड युनियनको विरोधपछि प्राधिकरणले आफ्नातर्फबाट कम्पनीमा प्रतिनिधि पठाउन सकेको छैन । प्राधिकरणले प्रतिनिधि नपठाएपछि कम्पनी दर्ताको प्रक्रिया अवरुद्ध छ ।

ऊर्जासचिव राजेन्द्रकिशोर क्षेत्रीले अहिले प्राधिकरणको स्वामित्वमा रहेको प्रसारण लाइनको सम्पत्ति मूल्यांकन गरेर मात्रै प्राधिकरणलाई कम्पनीमा सहभागिता गराइने बताए । 'प्रसारण लाइनमा रहेको सरकार र प्राधिकरणको सम्पत्ति मूल्याकंन गर्छाैं,' सचिव क्षेत्रीले भने, 'यसरी प्राधिकरणको सम्पत्ति मूल्यांकन गरी सोही आधारमा लगानी निश्चित गरी कम्पनीमा प्रतिनिधित्व गराउँछौँ ।' उनले विभिन्न मन्त्रालयका प्रतिनिधित्व सञ्चालक राखी केही दिनभित्रमै कम्पनी स्थापना गरिने बताए ।

ऊर्जा मन्त्रालयले अधिकृत पुँजी २५ अर्ब, जारी पुँजी ५ अर्ब र चुक्ता पुँजी २ अर्ब रुपैयाँ भएको कम्पनी दर्ता गर्न लागेको हो । सरकारले विद्युत् प्रसारण प्रणालीको निर्माण, विकास, विस्तार, स्तरवृद्धि र सञ्चालनका लागि १ अर्ब ५० करोड रुपैयाँ दिने निर्णय गरिसकेको छ ।

कम्पनीमा अर्थ, ऊर्जा, रक्षा, वातावरण, भूमिसुधार, गृह, वन र सञ्चार मन्त्रालयको लगानी रहनेछ । प्राधिकरणका क्रियाशील कांग्रेस, एमाले, एकीकृत माओवादी, राप्रपाका ट्रेड युनियनले कम्पनी स्थापनाको प्रक्रिया नरोकिए आन्दोलन गर्ने चेतावनीसमेत दिएका थिए ।

उनीहरूले राज्य पुनर्संरचना हुन लागेकाले सोहीअनुसार समग्र ऊर्जा क्षेत्रको पनि पुनर्संरचना आवश्यक भएकाले तत्काल कम्पनी स्थापनाको औचित्य नभएको बताउँदै आएका छन् । कम्पनी स्थापना भएपछि प्राधिकरणले गर्दै आएको प्रसारण लाइन निर्माण र सञ्चालन यसैमार्फत हुनेछ ।

ऊर्जासचिव क्षेत्रीले कम्पनीमार्फत प्रसारण लाइन निर्माणका ठूला आयोजना मात्रै अगाडि बढाइने बताए । 'प्राधिकरणको प्रतिनिधित्व नहुने हुँदा कम्पनीमार्फत तत्कालका लागि ठूला आयोजना मात्रै अगाडि बढाउँछौँ,' उनले भने ।

सरकारले प्रसारण ग्रिड कम्पनी स्थापना गर्ने निर्णय ०६७ मै गरेको थियो । सरकारले चालू आव ०७१/७२

को बजेटमार्फत प्राधिकरणलाई टुक्र्याएर विद्युत् उत्पादन, प्रसारण र वितरणका ३ छुट्टाछुट्टै कम्पनीका रूपमा पुनर्संरचना गरिने घोषणा गरेको थियो ।

श्रोतः गोरखापत्र, २०७२/२/२८

### भैरहवामा १ सय ३२ केभीए बिद्युत माग

भैरहवा, जेठ २८ गते । आधुनिक, पर्यटकीय तथा औद्योगिक शहरको रुपमा विकसित हुँदै गईरहेको भैरहवा क्षेत्रमा हालको बिद्युत क्षमता अपुग भएको भन्दै यसको क्षमता अभिवृद्धिको माग यहाँका ब्यवसायीहरुले गरेका छन् ।

हाल भैरहवा तथा यस क्षेत्रमा ३३ केभीए विद्युत लाईन रहेको छ । अहीले नै यो विद्युत अपुग हुँदा अनियमित बिद्युत कटौती, कम भोल्टेजमा विद्युत आपूर्ति भएको छ । आगामी दिनमा भैरहवामा अन्तर्राष्टिय विमानस्थल निर्माण, विशेष आर्थिक क्षेत्र सचांलन तथा औद्योगिक करिडोरहरु बढेपछि यो समस्या झनै बढ्नै भन्दै उद्योगी ब्यवसायीले १ सय ३२ केभीए प्रसारण लाईन स्थापनाको लागि पनि अहिलेदेखि नै पहल गरिनु पर्ने माग गरेका हुन् ।
‘यस क्षेत्रको पर्यटन एवं आर्थिक विकासको सम्भावनालाई मध्यनजर गर्दै बुटवल–योगिकुटीदेखि भैरहवासम्म १३२ के.भि.ए क्षमताको विद्युत ट्रान्समिसन लाईन परियोजनाको अहिले नै सञ्चालन गर्नुपर्ने देखिएको छ,’ सिद्धार्थनगर उद्योग बाणिज्य संघ भैरहवाका अध्यक्ष रामकुमार शर्माले भन्नुभयो । उहाँका अनुसार लुम्बिनी शान्ति शहरको परिकल्पना, अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणकार्य प्रारम्भ, भैरहवा बुटवल छ लेनको विस्तारित सडक, भारत तथा चीनबीचको व्यापारिक ट्रान्जिट सहरको रूपमा विकासको सम्भावना, लुम्बिनी कोरिडोरको विकसित रूप , बढ्दो औद्योगिकारण तथा विशेष आर्थिक क्षेत्र सञ्चालन, भैरहवा–परासी औद्योगिक कोरिडोरको उदाउँदो भविष्यका कारण आउँदो दश वर्षमा नेपालको प्रमुख आर्थिक केन्द्र बन्ने निश्चितताले यस क्षेत्रका उद्योगी व्यवसायीहरू लगायत विदेशी लगानीकर्ताहरुमा उत्साह थपिएको छ । ‘यी योजनाबाट उत्साहित बनेका लगानीकर्तालाई त्यसतर्फ लाग्न अहिले १ सय ३२ केभीए प्रसारण लाईनको जरुरी भएको छ,’ उनले भने ।
अहिले ३३ केभीए बिद्युत लाईन भैरहवामा ५ बटा फिडर मार्फत १ सय मेघावाट बिद्युत वितरण भईरहेको छ । निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य सम्पन्न गर्न करीव ५ मेघावाट विद्युत आवश्यक छ । विमानस्थल पूर्ण संचालनमा आएपछि यस क्षेत्रमा पर्यटन व्यवसायसंग सम्बन्धित विभिन्न उद्योग तथा व्यवसायको दु्रत विकास र बिस्तारको क्रमलाई कायम राख्न आवश्यक थप विद्युत आपूर्तिको माग रहने छ ।
संघका उपाध्यक्ष कुलप्रसाद न्यौपानेका अनुसार विद्यमान समयमा ३३ के.भि.ए.को लाइनहरुमा भएको ओभरलोडको समस्याले गर्दा यस क्षेत्रमा सञ्चालित राष्ट्रिय स्तरका ठूला उद्योगहरुले न्यून भोल्टेज, ट्रिपिङ जस्ता समस्या झेल्नु परिरहेको छ । जिल्लाको बगाह गा.वि.स.मा ५२ विगाह क्षेत्रफलमा स्थापना भएको नेपलकै पहिलो विशेष आर्थिक क्षेत्रको लागि छुट्टै करिव ३० मेघावाट विद्युतको लाईन छ । यसबाहेक नेपालकै प्रमुख पर्यटकीय अकार्षणको केन्द्र लुम्बिनीको प्रवेशद्धार भएको कारणले पर्यटकको

सेवा सुविधाको लागि ठूला ठूला होटल तथा अन्य पूर्वाधार निर्माणको लागि चाहिने आवश्यक विद्युतको आपूर्ति भए पश्चात यस क्षेत्रका पर्यटको बसाई लम्बिने र लुम्बिनीको पर्यटकीय विकासमा थप योगदान पुग्ने उपाध्यक्ष न्यौपानेले बताउनुभयो ।
यसबाहेक लुम्विनीलाई लोडसेडिंग मुक्त गरी पर्यटक आकर्षित गर्न पनि थप बिद्युतको आवश्यकता रहेको र अहिलेकै प्रसारण लाईनले यो मागलाई धान्न नसक्ने भएकाले १ सय ३२ केभीए लाईन तत्काल आफुहरुले माग गरेको नेपाल उद्योग बाणिज्य संघका केन्द्रीय सदस्य महेन्द्र कुमार श्रेष्ठले बताउनुभयो । संघले यसबारे हालै बिद्युत बिभाग, उद्योग, अर्थ, बिद्युत, पर्यटन मन्त्रीसँग डेलिगेशन समेत गएको थियो । यसबारे बिभागीय तथा अन्य मन्त्रीहरु सकारात्मक रहेको र आफुहरुले आगामी बजेटमा यसलाई समावेस गरी काम थाल्न आग्रह गरेको सघंका सदस्य दिपक पौडेलले जानकारी दिए ।

श्रोतः नागरिक, २०७२/२/२९

# तामाकोसीको सेयर बाँडफाँट आज

विष्णु बेल्वासे

माथिल्लो तामाकोसी जलविद्युत आयोजनाको सेयर बाँडफाँट शुक्रबार (आज) हुने भएको छ। कानुनी रुपमा ६० दिनभित्र बाँडफाँट गरिसक्नुपर्नेमा नेपाल धितोपत्र बोर्डले अनुमति नदिँदा ढिलो भएको बिक्री प्रबन्धक नागरिक लगानी कोषले बताएको छ।
यो सेयर जेठ १४ गतेभित्र बाँडफाँट गरिसक्नु पर्थ्यो । तोकिएको समय सकिएको १५ दिनपछि मात्र बाँडफाँट हुन लागेको छ।

कोषले बाँडफाँट गर्न आश्वासन दिएको समय जेठ १४ गते सकिएको हो। सेयर बाँडफाँट नहुँदा लगानीकर्तामाझ कहिले पैसा फिर्ता पाउने भन्ने अन्योल छाएको थियो। बाँडफाँट पछि लगानीकर्ताले नपरेको सेयरको रकम फिर्ता पाउने छन्। धितोपत्र बोर्डको मंलगबार बसेको बैठकले सेयर बाँडफाँटको अनुमति दिएको थियो। बोर्डको निर्णय अनुसार कोषलाई बाँडफाँटको अनुमति सहितको पत्र बुधबार नै पठाएको बोर्डका निर्देशक निरज गिरीले बताए।

आयोजनाले स्थानीयबासी र ऋण दिने संस्थाका कर्मचारी, कर्मचारी सञ्चय कोषका बचतकर्ता र नेपाल विद्युत प्राधिकरण तथा आयोजनाका कर्मचारीलाई एकैपटक सेयर निष्कासनका लागि अनुमति दिएको थियो। ऋण दिने संस्थालाई सेयर वितरण गरे पनि स्थानीयलाई वितरण नगरेकाले कानुनी समस्या आएको गिरीले जानकारी दिए। 'कानुनी रुपमा एकैपटक विवरणपत्र निकालेपछि स्थानीयलाई पनि सेयर वितरण गर्नुपर्ने थियो,' गिरीले भने, 'तर, एकैपटक सेयर निष्कासन नभएकाले कानुनी समस्या आयो।' विशेष परिस्थितिमा समस्या समाधान गर्ने बाटो खोज्न बोर्ड बैठकमा एजेन्डा लगिएको थियो।

बोर्डले निर्देशन दिएकाले शुक्रबार सेयर बाँडफाँट गर्ने तयारी भएको कोषका मुख्य व्यवस्थापक तथा प्रवक्ता सुशीलकुमार अर्यालले बताए। 'हामी तयार छौं,' उनले नागरिकसँग भने, 'शुक्रबार बाँडफाँट हुन्छ।' आयोजनाको सेयरका लागि चैत १५ गते सेयर आवेदन लिने काम बन्द गरिएको थियो। सेयर समानुपातिक रुपमा बाडँफाँट गरिने कोषले बताएको छ।

ऋण दिने संस्थाका कर्मचारी, कर्मचारी सञ्चय कोषका बचतकर्ता र नेपाल विद्युत प्राधिकरण तथा आयोजनाका कर्मचारीलाई सेयर निष्कासन गरिएको हो। आयोजना प्रभावित स्थानीयलाई गरिएको निष्कासन भने स्थगित भएको छ। एउटै आह्वान पत्रमार्फत सेयर दिन खोजिए पनि स्थानीयको लागि स्थगित भएकोले कानुनी जटिलता फुकाउन बोर्ड बैठकमा उक्त एजेन्डा लागिएको गिरीले बताए।

तामाकोसीको सेयरका लागि ऋण लगानीकर्ता संस्था र प्राधिकरणका कर्मचारी र सञ्चय कोषका बचतकर्ताले १८ अर्ब ३० करोड ९७ लाख रुपैयाँ बराबरको आवेदन दिएका छन्। यो आयोजनाको दुई अर्ब ५५ करोड रुपैयाँको दुई करोड ५५ लाख कित्ता सेयर निष्कासन गरिएको हो। दुई लाख १० हजार लगानीकर्ताले आवेदन दिएका छन्।

आयोजनाले दोलखालीका लागि १ करोड ५ लाख रुपैयाँको सेयर छुट्ट्याएको छ। एउटै विवरण पत्र प्रकाशित गरे पनि आयोजना प्रभावित स्थानीयका लागि सेयर जारी गरिएको छैन। विवाद आएपछि स्थानीयबासीका लागि सेयर निष्कासन स्थगित गरिएको थियो। स्थानीयबासीलाई सेयर वितरण गरिसकेपछि सर्वसाधारणका लागि १ अर्ब ५८ करोड रुपैयाँको सेयर निष्कासन हुनेछ।

श्रोतः नागरिक, २०७२/२/२९

## ‘चमेलिया अगाडि बढाऊ'

संसदको सार्वजनिक लेखा समितिले चमेलिया जलविद्युत आयोजना अगाडि बढाउन ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिएको छ।

लामो समयदेखि आयोजनाको काम रोकिएको र जलविद्युत उत्पादनमा समिति नै बाधक भएको भन्ने व्यापक आलोचना भएपछि आयोजनाको काम नरोक्न निर्देशन दिएको हो। समितिको बिहीबारको बैठकले आयोजनाको सिभिल ठेकेदार चाइना गेजुबा ग्रुप कर्पोरेशन (सिजिजिसी) लाई भुक्तानी दिँदा भएको अनियमितता पछि छानबिन गरी तत्काल काम अगाडि बढाउन निर्देशन दिएको सभासद रामहरि खतिवडाले बताए।

समितिले गत मंसिरमा आयोजनामा आर्थिक अनियमितता भएको भन्दै सभासद राजन कार्कीको संयोजकत्वमा समिति गठन गरेर अध्ययनसमेत गरेको थियो। उक्त अध्ययनले अध्ययनले कुल ६ अर्ब ५७ करोड रुपैयाँ भेरिएसन स्वीकृत गरेको निचोड निकालेको थियो।

पछिल्लो पटक १ अर्ब ९ करोड रुपैयाँ भुक्तानी दिने निर्णयमा भ्रष्टाचार भएको आशंका गरी तत्काल काम रोक्न निर्देशन दिएको थियो। ‘समितिले यसअघि काम रोक्ने खालको निर्देशन दिएको थिएन,' सभासद खतिवडाले भने, ‘अहिलेसम्म भएको कामको भुक्तानी दिन र काम सुचारु गर्न निर्देशन दिइएको छ।'

३० मेगावाटको उक्त आयोजनाको काम अहिलेसम्म करिब ९६ प्रतिशत सकिएको छ। समितिले भेरियसन भुक्तानी नदिनु भन्ने निर्देशन दिएपछि झन्डै ७ महिना आयोजनाको काम रोकिएको छ। यो अवधिमा आयोजना पूरा भइसक्थ्यो।

लामो समयसम्म काम गर्न नपाएको भन्दै चिनियाँ ठेकेदारले थप क्षतिपूर्ति माग्ने सम्भावना रहेको प्राधिकरण अधिकारी बताउँछन्। आयोजनाको बाँकी काम सकिएपछि छानबिन गरी दोषीलाई कारबाही गरिने भन्दै खतिवडाले भने, ‘आयोजनाको काम रोकिँदा नकारात्मक सन्देश जाने हुँदा काम रोक्नु पर्दैन।' काम सुचारु गर्न समितिको आधिकारिक पत्र चाहिन्छ भने त्यो पनि दिन समिति तयार रहेको उनले प्रस्ट्याए। सन् २००६ डिसेम्बर २१ मा आयोजना निर्माण सुरु हुँदा ८ अर्ब ४९ करोड ५५ लाख रुपैयाँ तोकिएको लागत हालसम्म करिब १५ अर्ब रुपैयाँ नाघिसकेको छ।

सिभिलतर्फ निर्माण सुरु भएपछि डिजाइन परिवर्तन गर्नु, विद्युतगृहको स्थानान्तरण, अनपेक्षित प्रतिकूल भौगोलिक अवस्था, सुरुङ खुम्चिनु लगायत कारण आयोजनाको लागत बढ्दै गएको हो।

दार्चुलामा निर्माणाधीन यो आयोजना सन् २०११ मै निर्माण पूरा गर्ने लक्ष्य थियो। अहिलेसम्म चार वर्षभन्दा बढी समय लम्बिइसकेको छ। समय लम्बिँदा अमेरिकी डलरमा आएको उतारचढावलाई पनि प्रतिवेदनले लागत बढ्नुको कारण मानेको छ। हालसम्म करिब १३ अर्ब रुपैयाँ खर्च भइसकेको र संशोधित लागत १५ अर्ब ६ करोड ४ लाख रुपैयाँ पुर्या इएको छ।

प्रसारण लाइनको लागतसमेत जोड्दा प्रतिमेगावाट करिब २८ करोड रुपैयाँ अनुमान गरिएको आयोजना

लागत अहिले प्रतिमेगावाट ५० करोड रुपैयाँभन्दा बढी पुगिसकेको छ। इन्जिनियरिङ अध्ययनले जलविद्युत आयोजनाको औसत लागत प्रतिमेगावाट १५ देखि १८ करोड रुपैयाँ मान्छ।
आयोजनाको इलेक्ट्रोमेकानिकल र हाइड्रोमेकानिकल उपकरणको सुरुको लागत १ अर्ब ९७ करोड रुपैयाँ अनुमान गरिएकोमा हालसम्म ५० करोड ९१ लाख रुपैयाँ थपिएको छ। थप रकममध्ये २१ करोड ८८ लाख भुक्तानी भइसकेको छ।
जलविद्युत आयोजनामा भौगोलिक आधारमा भएका भेरिएसनलाई सामान्य मानिए पनि यो आयोजनाको हकमा सुरु लागतको तुलनामा १ सय ६० प्रतिशतसम्म बढी भेरिएसन भएको छ। निर्माण क्रममा अत्यन्तै कमजोर भौगोलिक बनावट भएकाले चार किलोमिटरमध्ये ८ सय ४३ मिटर खुम्चिएको छ। खुम्चिएको सुरुङका लागि मात्र १ अर्ब ९ करोड रुपैयाँ थप लागत अनुमान गरिएको छ।

श्रोतः नयाँ पत्रिका, २०७२/२/२९

## चमेलियाको साँघुरिएको सुरुङ खोल्न निर्देशन

संसद्को सार्वजनिक लेखा समितिले चमेलिया जलविद्युत् आयोजनाको साँघुरिएको (स्क्विचिङ) सुरुङ खोल्न निर्देशन दिएको छ । लेखा समितिको बिहीबारको बैठकले नियमित भुक्तानी दिएर साँघुरिएको सुरुङ खोल्नेलगायत बाँकी काम गरी आयोजना निर्माण सम्पन्न गर्न ऊर्जा मन्त्रालय र विद्युत् प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको हो ।

कमजोर भूबनोटले स्क्विचिङ भएको सुरुङ फुकाउन अनियमितता भएको भन्दै लेखा समितिले यसअघि भुक्तानी रोक्न ऊर्जा र विद्युत् प्राधिकरणलाई निर्देशन दिएको थियो । चिनियाँ ठेकेदार कम्पनी चाइना गेजुवा ग्रुप अफ कम्पनिज (सिजिजिसी)ले भुक्तानी नपाएको भन्दै स्क्विचिङको काम रोकेको छ । आठ सय ४३ मिटर स्क्विचिङमध्ये ६ सय ११ मिटरको फुकाउने काम भइसकेको छ ।

समिति सभापति जनार्दन शर्माले लेखाको निर्देशनलाई आधार बनाई आयोजनाको काम रोकिएको भन्दै आपत्ति जनाए । सभापति शर्माले काम नरोक्न ऊर्जा र प्राधिकरणलाई पुन: पत्राचार गर्ने निर्णय भएको जानकारी दिए ।

'लेखा समितिको निर्देशनलाई देखाएर चमेलियाको काम रोक्न मिल्दैन,' उनले भने, 'नियमित भुक्तानी दिँदा हुन्छ, काम नरोकियोस् ।'

प्राधिकरण सञ्चालक समितिले स्क्विचिङको १ अर्ब ९ करोड ३८ लाख रुपैयाँ (भ्याटसहित) भेरिएसन स्वीकृत गरेको थियो । प्राधिकरणको आयोजना विकास विभाग (पिडिडी)लाई प्रमुख परामर्शदाताबाट हटाई गैरकानुनी रूपमा साह सिल्ट आइकोनलाई प्रमुख परामर्शदाता नियुक्त गरी भेरिएसन स्वीकृत गरेको लेखाको ठहर छ ।

समिति सभापति शर्माले 'स्क्विचिङ ट्रिटमेन्ट'को भेरिएसन पनि पिडिडीबाट पुनरावलोकन गरेर मात्रै भुक्तानी गरिनुपर्ने बताए । समितिले चमेलियाको लागत, खर्च र कामसम्बन्धी पारित प्राविधिक विश्लेषण प्रतिवेदनसहित अनियमितता छानबिन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्र पठाएको थियो ।

अख्तियारले अनियमिताको छानबिन गरिरहेको छ । विद्युत् प्राधिकरणको २७ वैशाख ०७० को ६५२औँ बैठकले पिडिडी मुख्य परामर्शदाता हुँदा अन्तर्राष्ट्रिय ठेक्का व्यवस्थाअनुसार साह सिल्ट आइकोनले तटस्थ र स्वतन्त्र निकायका रूपमा काम गर्न नसक्ने भन्दै हटाएको थियो ।

साह सिल्टले सिफारिस गरेको ठेकेदारको भुक्तानी बिल, समय थप, निर्माण सामग्रीको भेरिएसन दरलगायतलाई पिडिडीले पुनरावलोकन गरेपछि मात्रै प्राधिकरण सञ्चालक समितिबाट पारित हुने व्यवस्था थियो ।

आयोजना प्रमुख राजेन्द्र मानन्धरले अख्तियारले 'स्क्विचिङ ट्रिटमेन्ट'को भुक्तानीमा उपयुक्त निर्णय गर्न निर्देशन दिएको जानकारी दिए । 'स्क्विचिङ ट्रिटमेन्टबाहेक अन्य नियमित कामको भुक्तानी

रोकेका छैनौँ,' प्रमुख मानन्धरले भने ।
प्राधिकरणले सिभिल संरचना निर्माणका लागि २ अर्ब ८८ करोड १३ लाख ४३ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । अहिले स्क्विचिङसहित आयोजनाको सिभिलतर्फको लागत बढेर ५ अर्ब ४२ करोड ७३ लाख ९५ हजार रुपैयाँ पुगेको छ । प्राधिकरण सञ्चालक समितिले स्क्विचिङसहित ६ वटा भेरिएसन स्वीकृत गरिसकेको छ । निर्माण सुरु गर्दा ०६८ वैशाखमा सक्ने लक्ष्य राखिएको थियो । तोकिएको समयमा निर्माण हुन नसकेपछि सिभिल निर्माण १६ चैत २०७१ भित्र सक्ने लक्ष्य राखिएको थियो ।